| 3 | Stone Mason | 10 | 0 | 1200 | ४४,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Skills International Human Resource Pvt.ltd.
श्रम ईजाजत नं ९५७/०६७/०६८
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com



## युएइमा रोजगार

कम्पनी : Jumbo Plastic Industry Sole Proprietorship LCC

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327579 | चलानी नं. ६०२४१४१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assembler | 9 | 0 | 1500 | ५६,२०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Finishing Carpenter | 10 | 0 | 1500 | ५६,२०५ | | | | | | | |
| 3 | Gen.Telecommunications Technician | 1 | 0 | 1500 | ५६,२०५ | | | | | | | |
| 4 | Loom Operator | 10 | 0 | 1500 | ५६,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९



## साउदीमा रोजगार

कम्पनी : FLUCON ENGINEERING FLOW

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327125 | चलानी नं. ६०२४१३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loaders | 14 | 0 | 1400 | ५१,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Euro Tech Consultancy Pvt. Ltd.
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492, 9860568683, 9829113270, 9855059472, 9823176502, 9706899162
श्रम ईजाजत नं. ५६७/०६२/०६३



## काठ, दाउरा लिलाम सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०८२।०४।०८

यस श्री तामाखे सा.व.उ.स. को आ.व. २०८१/०८२ मा ढला पडाबाट संकलन भएको साल गोलिया लट नं.३।४ जम्मा परिमाण १२२१.९७ क्यू.फि गोलिया को २१ दिने काठ लिलाम सूचना प्रकाशित गरिन्छ । इच्छुक फर्म कम्पनीले सम्बन्धित कार्यालय डि.व.का. इलाम समूहमा सम्पर्क गर्न सक्नुहुनेछ ।

**श्री तामाखे सा.व.उ.स., माई न.पा. ७, इलाम**



## कर्मचारी हटाईएको सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/०४/०८ प्रभाव राष्ट्रिय दैनिक**

यस कार्यालयमा कार्यरत **बिष्णु गिरी, ऐरावती गापा-२, प्युठान र योजन तिवारी, सुन्दर हरैचा-६, मोरङ हाल कामपा-९, पि.आर.ओ.** पदमा कार्यरतलाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Permission No. 1676/080/081
INTERPID RECRUITMENT SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Mail: info@interpidhr.com, Web: www.interpidhr.com



**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७५-०७-२८ मा दर्ता भएको प्रा. लि. नं २०२२९१ को हिमालय गोरखा कन्स्ट्रक्सन प्रा. लि. नामक कम्पनी यस कार्यालयको मिति २०८२-०२-१७ को निर्णय अनुसार कम्प्नी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**गण्डकी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुम्लिचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

## पत्रपत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/०८ गते)**

गण्डकी गाउँपालिकाको चालु आर्थिक बर्षको असार मसान्त सम्म राष्ट्रिय दैनिक (क वर्ग) पत्रिकामा प्रतिस्पर्धा मार्फत सवै भन्दा न्यून/बढी छुट कबोल गर्ने फर्मवाट विज्ञापन/सूचना प्रकाशन कार्य गर्नु पर्ने भएकोले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट प्रस्ताव पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक एजेन्सी वा फर्महरुले शिलबन्दी दरभाउपत्र दस्तुर जम्मा गरी २०८२/०४/२३ गते दिनको ठिक १२:०० बजे भित्र तपशिल बमोजिमका शर्तहरुको अधिनमा E-Bidding/www.bolpatra.gov.np मार्फत पेश गर्नुहुन सुचित गरिन्छ ।

| ठेक्का नं. | विवरण | शिलबन्दी खरिद रकम | शिलबन्दी जमानत रकम | विड वण्ड/विड जमानत मान्ने हुने अवधी | शिलबन्दी बुझाउने अन्तिम मिति र समय | शिलबन्दी खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| GRM/SERVICE/SQ/01/2082/083 | राष्ट्रिय दैनिक (क वर्ग) पत्रिकामा सुचना प्रकाशन कार्य | १,०००/- | ३६,०००/- | ४५/७५ दिन शिलबन्दी खुलेपछि | २०८२/०४/२३ दिनको १२:०० बजे सम्म | २०८२/०४/२३ दिनको २:०० बजे |

नोट: विस्तृत सुचना यस कार्यालयको website: www.gandakimun.gov.np मा समेत हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सामाजिक सुरक्षा कोषले सुधार्नैपर्ने विषय

सामाजिक सुरक्षा कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध श्रमिक र श्रमिकका परिवारको स्वास्थ्य जिम्मा लिने घोषणा गरेको छ । तर यसका लागि अझै चार वर्ष लाग्ने देखिएको छ । पाँच वर्ष अघिदेखि नै यो विषयमा सरोकारवालाहरूले सुझाव दिँदै आएपछि कोष यस्तो जिम्मा लिन तयार भएको हो । ढिलै भए पनि यो स्वागतयोग्य कदम हो । अब यसलाई कार्यान्वयनमा जोड दिनुपर्छ ।

पछिल्ला दिनहरूमा निजी क्षेत्रका कामदार र वैदेशिक रोजगारीमा जानेहरूको कोषमा आबद्धता बढ्न थालेको छ । यसमा आबद्ध हुन चाहने रोजगारदाताको संख्या पनि बढ्दो छ । तर नियमित योगदान नहुँदा भने योगदानकर्ता कोषबाट पाउने सुविधाबाट बञ्चित हुन थालेका छन् । कोषले नियमित योगदान नगर्नेलाई सेवासुविधा नदिने नीति लिएको देखिन्छ ।

राज्यले शुरु गरेको कोषले पैसा हुँदा सेवासुविधा दिने नहुँदा नदिने यस्तो विभेदकारी नीति अपनाउनु नजायज हो । यसरी योगदानकर्ताले लिएको रकम काममा आबद्ध भएपछि लिन मिल्ने व्यवस्था अघि बढाउनुपर्छ । किनभने कतिपय अवस्थामा रोजगारदाताले योगदान गर्दैनन् । यसका लागि रोजगारदातालाई पनि प्रोत्साहनका कार्यक्रमहरू अघि बढाउनुपर्ने देखिन्छ ।

यता वैदेशिक रोजगारीमा जानेहरूलाई कोष अनिवार्य गरि एसँगै १८ लाख श्रमिक यसमा आबद्ध भइसकेका छन् । तर उनीहरूले नियमित योगदान गर्न सकिरहेका छैनन् । वैदेशिक रोजगारीमा जानेहरूले कनेक्ट आईपीएस, खल्ती एप, इसेवा, फोन पे लगायतको माध्यमबाट रकम जम्मा गर्न सकिने व्यवस्था गरिएको छ । त्यसैगरी विदेशमा सक्रिय रहेका र नेपालमा पनि शाखा रहेका रेमिट कम्पनीहरूको माध्यमबाट पनि योगदानमा आधारित रकम सिधै कोषको खातामा जम्मा गर्न सकिने व्यवस्था छ । उक्त रकम जम्मा गर्ने बेलामा श्रमिकहरूले हरेक महिना 'सब्मिसन नम्बर' र भौचर नम्बर पाउँछन् ।

त्यो भौचर नम्बर र सामाजिक सुरक्षा नम्बर खल्ती, फोन पे, कनेक्ट आईपीएस लगायतका भुक्तानीका माध्यमहरूमा उल्लेख गरेपछि हरेक महिना श्रमिकले तिनुपर्ने रकम देखाउँछ । यो श्रमिकहरूका लागि झन्झटिलो प्रक्रिया हो । डिजिटल लिटेरेसीको कमी तथा इन्टरनेट तथा कतिपय असहजताले गर्दा श्रमिकले हैरानी खेप्दै आएका छन् । यसैले विदेशमा रहेकाको हकमा योगदान प्रक्रियालाई अझै सहज बनाउनुपर्ने देखिन्छ । यसका लागि योगदानकर्ताकै बैंक खाताबाट पनि सीधै रकम लिन सकिने व्यवस्था वा दूतावासमा सहजकर्ता नै राखेर यो कार्यक्रमलाई अझै सहज बनाउन सकिन्छ । यसैगरी कोषले दिने सेवासुविधाको विषयमा पनि प्रष्ट पार्ने खालका भिडियो सामग्रीहरू बनाएर आफ्नै सामाजिक सञ्जाल एकाउन्टमा राख्नुपर्ने देखिन्छ ।

**श्रम सरोकार**

## वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

### महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।
- पहिलोपटक वैदेशिक रोजगारीमा गएका महिला कामदारले विशेष सावधानी अपनाउनुपर्दछ । त्यहाँको वातावरणमा घुलमिल हुन केही समय लाग्ने हुँदा आफूलाई आफैंले स्वनियन्त्रणमा राखी काम गर्नुपर्दछ ।

# उद्यमशीलतामा नवप्रवर्तनको आवश्यकता



■ गम्भीरबहादुर हाडा

नवप्रवर्तनको सन्दर्भमा नेपाल प्रारम्भिक चरणमै छ । विदेशीले बनाएका वस्तु, यन्त्र वा प्रविधिको प्रयोग राम्रोसँग गर्न सक्नेले नेपालमा व्यावसायिकरूपमा सफलता हासिल गर्न सक्छ । सबै क्षेत्रमा समस्यै समस्याका पोका छन् । त्यसैले, नवप्रवर्तनका लागि सर्वत्र मौकै मौका छ । नवप्रवर्तनका लागि गर्नुपर्ने कुराहरु धेरै छन् । नवप्रवर्तनका लागि नीति, कानुन, संगठन, जनशक्ति, प्रविधि, पूर्वाधारजस्ता आधारभूत पक्षमा ठोस वा उल्लेख्य उपलब्धि हासिल भइसकेको छैन । कतिपय काम शून्यबाट सुरु गर्नुपर्ने अवस्था रहेको छ । त्यसैले, नवप्रवर्तनका चरण, प्रकार, मान्यता, तरंग, ढाँचा, सिद्धान्त तथा रणनीतिहरुको सान्दर्भिकता र प्रभावकारिताको वस्तुगत मूल्यांकनको आधारमा टेकेर राष्ट्रिय कार्ययोजना तर्जुमा गरी चरणबद्धरूपमा सोको कार्यान्वयन गर्नुपर्छ ।

'स्टार्टअप' अर्थात् नवप्रवर्तन एउटा व्यापक, गतिशील, नवीन र बहुआयामिक अवधारणा हो । यसको अर्थ र परिभाषामा विविधता रहेको पाइन्छ । यस विषयमा कलम चलाउने विद्वानहरूको विचार असामान्य, अव्यावहारिक तथा अकल्पनीय प्रकृतिको हुन्छ । नवप्रवर्तनले कुनै पनि समस्याग्रस्त स्थान वा अवस्थामा अवसर वा मौका देख्छ । नवप्रवर्तनकर्ताको दृष्टिकोण नै बेग्लै हुन्छ । नवप्रवर्तनको अवधारणाले कुनै पनि क्षेत्रमा कुनै पनि कुरा सम्भव छ भन्नेमा विश्वास गर्छ । त्यसैले, यसको सर्वमान्य परिभाषा भेटिँदैन । न यसको सीमा वा क्षेत्र तोकिएको छ ।

यद्यपि, नयाँ विचार, विधि, औजार, संरचना वा नौलो वस्तु वा सेवाको खोज, विकास वा प्रयोग गर्नुलाई नवप्रवर्तन भन्न सकिन्छ । विद्यमान समस्या वा प्रश्नको समाधानार्थ कुनै नयाँ नीति, सिद्धान्त, ढाँचा, विधि, शैली, यन्त्र, उपकरण वा प्रक्रियाको प्रयोग गरिन्छ भने त्यो नवप्रवर्तन हो । त्यसैले, नवप्रवर्तनका लागि सर्वप्रथम पुरानो प्रक्रिया, पद्धति, सोच र संस्कार छोड्नुपर्छ । नयाँ अवधारणालाई सिद्धान्ततः स्वीकार गरेता पनि पुरानो भइसकेको वस्तु वा सेवालाई परम्परा वा पहिचानको नाममा यथास्थितिमा निरन्तरता दिइरहनु नवप्रवर्तनको सबैभन्दा ठूलो चुनौती हो । विज्ञान तथा प्रविधिजन्य आविष्कारले प्रदान गरेका आधुनिक साधनहरूको अधिकतम् प्रयोग नगरी, परिवर्तन वा सुधारका लागि जोखिम नउठाई नवप्रवर्तन गर्न सकिँदैन । तसर्थ, नवप्रवर्तनले नयाँ विचारलाई आत्मसात् गर्नु, नयाँ वस्तुको आविष्कार गर्नु र नयाँ बजारको विकास गर्ने कामलाई एकीकृतरूपमा सम्पन्न गर्नुलाई जनाउँदछ ।

कुनै पनि सार्वजनिक सेवाको केन्द्रबिन्दुमा सदैव सेवाग्राही नागरिक नै रहने हुनाले सार्वभौम नागरिकलाई केन्द्रबिन्दुमा राखेर नै नयाँ सिद्धान्त, विधि, प्रविधि र शैलीको विकास गरी राष्ट्र र आमनागरिकको हित विस्तार, सुशासन र समृद्धिको समष्टीगत लक्ष्य प्राप्तिमा सघाउ पुऱ्याउनु नै नवप्रवर्तनको मुख्य उद्देश्य हो । नवप्रवर्तनले थप मूल्य अभिवृद्धि गर्छ । यसबाट दिगोरूपमा मौद्रिक लाभ हासिल हुनुपर्छ । यसले तुलनात्मक लाभ प्रदान गर्न सक्छ ।

नवप्रवर्तन एउटा व्यावसायिक कार्य हो । नवप्रवर्तनमा कुनै पनि वस्तु वा सेवाको पूर्वउत्पादनदेखि उपभोक्तासम्म पुग्ने चरणहरूमा ग्राहकको दृष्टिकोणबाट मूल्यांकन गरेर सुधार वा परिमार्जन गरिन्छ । यसबाट सीधै नाफा र कार्यदक्षताको साथै ग्राहकको सन्तुष्टि र समग्र व्यवसायको प्रभावकारिता वृद्धि हुन्छ । आफ्नो वस्तु वा सेवालाई प्रतिस्पर्धीहरूबीचमा प्राथमिक रूपले फरक देखाउने विधि नै नवप्रवर्तन भएकोले आधुनिक बजारीकरणको युगमा यस अवधारणाको विशिष्ट महत्त्व रहेको छ । बृहत् राष्ट्रिय दृष्टिकोणबाट नवप्रवर्तनलाई आर्थिक वृद्धिको आधारशीला मानिन्छ । यसैको आधारमा विश्वव्यापी प्रतिस्पर्धा स्तर निर्धारण गरिन्छ । सूक्ष्म दृष्टिकोणमा, एउटा संगठन वा कम्पनीको उत्पादन, बिक्री वा नाफा, ख्याति र दिगोपना नवप्रवर्तनमा गरिएको लगानीमा निर्भर हुन्छ ।

नवप्रवर्तन आधुनिक जीवनको अंग बनिसकेको छ । अचेल सबैलाई 'स्मार्ट' बन्नुपर्छ । पुरानो चिज त्याग्ने र नयाँ कुरा अँगाल्ने फेसन सर्वत्र फैलिएको छ । सबै व्यक्ति वा संगठन नवप्रवर्तनको मामिलामा अगाडि रहन चाहन्छन् । सार्वजनिक सेवा होस् वा निजी व्यवसाय, आधुनिक व्यवस्थापनको क्षेत्रमा दैनिक परिवर्तनहरू आइरहने हुनाले आफ्नो विषय क्षेत्रको महत्त्व र सान्दर्भिकता स्थापित गरी प्रतिस्पर्धी रहिरहनका लागि हरेक परिवर्तनहरूलाई आत्मसात् गर्नुको विकल्प छैन । नयाँ प्रविधि, नयाँ प्रवृत्ति र नयाँ अवधारणाहरूसँग हरेक संगठन अद्यावधिक भइरहनुपर्छ । सुधार निरन्तर चलिरहने प्रक्रिया हो, एक दिन वा एक पटक सुधारको कार्य गर्दैमा सधैंका लागि पुग्दैन । ग्राहकलाई अधिकतम् सन्तुष्टि प्रदान गर्न र त्यो सन्तुष्टिको स्तरलाई सदैव कायम राखिराख्नका लागि कुनै पनि क्षेत्रको संगठनले आफ्ना वस्तु तथा सेवाको उत्पादनदेखि वितरणसम्मका चरणहरूमा नयाँ-नयाँ विशेषताहरू थपघट एवं स्तरोन्नति गर्नका लागि रणनीतिक नवप्रवर्तनको कार्ययोजना बनाएरै कार्यान्वयन गर्नुपर्दछ । यिनै सुधार, स्तरोन्नति र नयाँ विचार वा विधिको प्रयोग गरी नवप्रवर्तनले व्यवस्थापनलाई आधुनिक तथा समयसापेक्ष बनाउन मद्दत गर्छ ।

समृद्ध नेपाल निर्माण अभियानको विभिन्न तह, चरण र क्षेत्रमा अनेक प्रकारका चुनौती छन् । तिनको सम्बोधन र समाधान गर्न साधन, स्रोत, दक्षता र क्षमता सबै थोकको कमी छ । नवप्रवर्तनको व्यवस्थापनलाई स्रोतको दक्षता अभिवृद्धि गर्न र ज्ञानको संकट व्यवस्थापन गर्नका लागि एउटा उपयोगी औजार मानिएको छ । नेपाललाई दिगो विकास लक्ष्य हासिल गर्न वार्षिक करिब २० खर्ब रूपैयाँ रकमको आवश्यकता पर्ने अनुमान छ । बर्सेनि त्यत्रो ठूलो धनराशि जुटाउन सहज छैन । त्यो वित्तीय खाडल पूरा गर्ने एकमात्र उपाय भनेको फरक र फराकिलो ढंगले उपलब्ध स्रोत साधनको दक्षतापूर्ण, चलाखीपूर्ण एवं प्रभावकारी उपयोग गर्ने र पुराना सोच, सिद्धान्त, संरचना, विधि तथा प्रविधिमा सुधार ल्याउने हो । त्यसैले, दिगो विकास लक्ष्यले प्रविधि प्रयोग, युवा अनुसन्धानकर्ता तथा सूचना प्रविधिमा आधारित साना तथा मझौला व्यवसायको प्रवर्द्धन र नवप्रवर्तनमा विशेष जोड दिएको हो । अर्को शब्दमा, नवप्रवर्तन प्रवर्द्धन र सिर्जनशीलताको संरक्षण तथा विस्तार नै दिगो विकास लक्ष्य एवं अन्य राष्ट्रिय विकासका लक्ष्यहरू हासिल गर्ने भरपर्दो रणनीति हो ।

सबै तहका सार्वजनिक तथा निजी प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाउन, सर्वसाधारणले पाउनुपर्ने वस्तु वा सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट पाउने अवस्था सिर्जना गर्न सेवाको प्रकृति र परिस्थिति सुहाउँदो प्रविधि प्रयोग तथा स्थानीय संस्कृति अनुकूलको नवप्रवर्तन गर्न सकिन्छ । सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता बढाउने एउटा प्रमुख माध्यम नवप्रवर्तन हुन सक्छ । एउटै ढाँचा, विधि र प्रविधिको सट्टामा स्थान विशेषका विविधतायुक्त अभ्यास तथा माध्यमहरूको सदुपयोग बढी टिकाउ एवं प्रभावकारी हुन्छन् । सबैपक्ष र क्षेत्रबाट सुशासन पाउने नागरिकको अधिकार हो । यसलाई व्यवहारमा उतार्ने पछिल्लो वैकल्पिक सोच, खोज र प्रयोगको रूपमा नवप्रवर्तनलाई लिन सकिन्छ ।

नवप्रवर्तनका स्रोतहरूअन्तर्गत अलमल, असामञ्जस्यता, अस्पष्टता, खोट, गुनासो, अवरोध वा अन्य कुनै समस्या नै नयाँ खोज वा सिर्जनाको प्रयोग गर्ने अवसर हो । यदि सबै थोक राम्ररी सीधा रेखामा सरल ढंगले चलिरहेको छ र कुनै प्रतिस्पर्धीले टक्कर दिएको छैन भने त्यहाँ नयाँ कुराको खोजी वा प्रयोग नै हुँदैन । कतिपयले प्रतिभालाई सिर्जनाको स्रोत मानेका छन् । प्रतिभा जन्मजात हुन्छ भन्ने एकथरिको बुझाइ छ । उनीहरूको बुझाइमा प्रतिभा बाहिरबाट थोपर्न वा शिक्षालयमा सिक्न सिकाउन सकिन्न । तर राष्ट्रिय प्रतिभाहरूको योजनाबद्ध व्यवस्थापनबाट नयाँ खोज वा आविष्कार गर्ने वैज्ञानिकहरू उत्पादन हुन्छन् । यसका लागि अन्तर्राष्ट्रियस्तरको सुविधासम्पन्न अनुसन्धान वा आविष्कार केन्द्रहरूको स्थापना र सञ्चालन गर्नुपर्दछ । नयाँ खोज वा आविष्कार रातारात हुने कुरा होइन । यसले निरन्तरको लामो समय र श्रम माग गर्छ । प्रतिभाहरूको पहिचान, उचित संरक्षण, सम्मान, कर, विकास गर्ने प्रतिभा व्यवस्थापन चक्रका प्रत्येक चरण नवप्रवर्तन र सिर्जनशीलताको विकासका लागि महत्त्वपूर्ण हुन्छन् ।

नेपालमा आर्थिक वर्ष २०८१/८२ बाट स्टार्टअप उद्यम कर्जा वितरण सुरु भएको छ । यस कर्जाका लागि छनोट भएका ६६१ जनामध्ये ८१ जना उद्यमीले नौ करोड सात लाख रूपैयाँ लिएको औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले जनाएको छ । त्यस्तै १०० जनाले कर्जा लिन खाता खोलेको प्रतिष्ठानले जनाएको छ । बैंकले कर्जा प्रवाह गर्न बढीमा पाँच लाख रूपैयाँसम्मको कर्जाका हकमा एक किस्ता, १५ लाखसम्मको दोस्रो किस्ता र त्यसभन्दा माथिको हकमा तेस्रो किस्तामा गरी कर्जा वितरण गर्ने स्टार्टअप उद्यम कार्यविधिमा उल्लेख छ । बैंकले छनोटमा परेका उद्यमीलाई स्थलगत निरीक्षण गरेरमात्र कर्जा वितरण गर्ने गरेको छ । प्रतिष्ठानले गत भदौ ११ मा कर्जा प्रवाहका लागि परियोजना प्रस्ताव आह्वान गरेको थियो । त्यतिबेला अनलाइन र भौतिकरूपमा उपस्थित भई पाँच हजार १५८ उद्यमीले प्रस्ताव दर्ता गरेका थिए । तीमध्ये पुस १९ मा एक हजार ३१४ उद्यमी परियोजना प्रस्तुतीकरणका लागि छनोट भएका थिए । छनोट भएकामध्ये एक हजार ७३ उद्यमीले पुस अन्तिम सातादेखि चैतको दोस्रो सातासम्म परियोजना प्रस्तुतीकरण गरेका थिए । गत आव २०८१/८२ को बजेटमा सरकारले स्टार्टअप कर्जा प्रवाहका लागि एक अर्ब रूपैयाँ विनियोजन गरेको थियो । अघिल्लो आवमा प्रतिष्ठानले १६५ उद्यमीलाई २१ करोड रूपैयाँ कर्जा प्रवाह गरेको थियो । सरकारले नवीनतम् उद्यमीलाई सहुलियतपूर्ण कर्जा प्रवाहमा सहभागी गराउने उद्देश्यले स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि कार्यान्वयनमा ल्याएको हो । कार्यविधिले नवीनतम् ज्ञान, सोच, सीप र क्षमता भएका उद्यमीलाई समावेश गरेको छ ।

नवप्रवर्तनको सन्दर्भमा नेपाल प्रारम्भिक चरणमै छ । विदेशीले बनाएका वस्तु, यन्त्र वा प्रविधिको प्रयोग राम्रोसँग गर्न सक्नेले नेपालमा व्यावसायिकरूपमा सफलता हासिल गर्न सक्छ । सबै क्षेत्रमा समस्यै समस्याका पोका छन् । त्यसैले, नवप्रवर्तनका लागि सर्वत्र मौकै मौका छ । नवप्रवर्तनका लागि गर्नुपर्ने कुराहरू धेरै छन् । नवप्रवर्तनका लागि नीति, कानुन, संगठन, जनशक्ति, प्रविधि, पूर्वाधारजस्ता आधारभूत पक्षमा ठोस वा उल्लेख्य उपलब्धि हासिल भइसकेको छैन । कतिपय काम शून्यबाट सुरु गर्नुपर्ने अवस्था रहेको छ । त्यसैले, नवप्रवर्तनका चरण, प्रकार, मान्यता, तरंग, ढाँचा, सिद्धान्त तथा रणनीतिहरूको सान्दर्भिकता र प्रभावकारिताको वस्तुगत मूल्यांकनको आधारमा टेकेर राष्ट्रिय कार्ययोजना तर्जुमा गरी चरणबद्धरूपमा सोको कार्यान्वयन गर्नुपर्छ ।

नवप्रवर्तन, खोज र अनुसन्धानमूलक कार्यहरूमा निजी क्षेत्र र सरकारलाई दुई महत्त्वपूर्ण साझेदारको रूपमा सिद्धान्ततः सर्वत्र स्वीकार गरिएको छ । नेपालको निजी क्षेत्र अनुसन्धान र उत्पादनभन्दा विदेशी वस्तु तथा प्रविधिको व्यापारमा रमाएको छ । त्यसैले, नवप्रवर्तनको अगुवाइ सार्वजनिक क्षेत्रले नै गर्नुपर्छ । सर्वप्रथम, निजी क्षेत्रलाई अनुसन्धानमा लगानी गर्न आकर्षित गर्ने नीतिगत व्यवस्था गर्नुपर्ने छ भने सार्वजनिक क्षेत्रका संस्थालाई नवप्रवर्तनीय संगठनमा रूपान्तरण गर्ने हो भने त्यसका लागि सम्बन्धित विषय क्षेत्रमा व्यावसायिक विज्ञता हासिल गरेको कुनै विदेशी रणनीतिक साझेदार छनोट गरी सम्झौता गर्नुपर्दछ । नवप्रवर्तनका कार्यमा वित्तीय स्रोत खेर जाने, ख्यातिमा आँच आउने, सकारात्मक प्रभाव नपर्न सक्ने र अन्य भौतिक हानि नोक्सानी हुन सक्नेजस्ता नकारात्मक परिणाम आउने सम्भावना रहन्छ । जोखिम नलिने, पदसोपानमा आधारित, नियन्त्रणमुखी परम्परा संस्थागत भएको संगठनले कुनै परिवर्तन वा नयाँ कार्यशैली स्वीकार गर्न सक्दैन । बेलोचदार संगठनमा जोखिम मोल्ने साहस हुँदैन । नवप्रवर्तनले अल्पकालीन जोखिम लिनसक्ने, छिटो निर्णय गर्ने लचकदार संगठनको माग गर्दछ । नेपालले मौजुदा सरकारी अनुसन्धान संस्थाको संरचना र कार्यपद्धतिमा आमूल सुधार गर्नुपर्छ ।

वित्तीय जोखिमलाई नवप्रवर्तनको नजरबाट हेर्नुपर्छ । ढिलै किन नहोस्, नवप्रवर्तनले लागत प्रभावी नतिजा प्रदान गर्छ । नवप्रवर्तनको सुरुआती परीक्षण लागत खासै ठूलो हुँदैन । नवीन खोज नगरी पुरानै अवधारणामा काम गर्नाले स्रोतको ठूलो अंश खेर जान्छ । त्यसैले हरेक क्षेत्रको अनुसन्धान र परीक्षणमा निरन्तर लगानी बढाउनुपर्छ । अन्यथा, आर्थिक वृद्धिमा स्थिरताको निरन्तरता कायम हुन्छ वार्षिकरूपमा निरन्तर कूल गार्हस्थ उत्पादनको कम्तीमा दुई प्रतिशत अनुसन्धानमा लगानी गरेमा कुनै खोज, आविष्कार वा नवप्रवर्तनका लागि नेपालीले पनि लामो समय पर्खनु पर्दैन । नयाँ विभाग वा शाखा खडा गरी आवश्यक बजेट र केही कर्मचारी खटाउँदैमा त्यस्तो विभागले फटाफट नवप्रवर्तनको काम गरेर दिन सक्दैन । नवप्रवर्तनको प्रारम्भिक विचार लागू गर्दा त्यसलाई राम्ररी परीक्षण गर्ने, उपयुक्त ढाँचा निर्माण गर्ने, निरन्तर अनुगमन तथा मापन गर्नेलगायतका कार्यहरू गर्नुपर्छ । यो लामो र प्राविधिक जनशक्तिले धेरै पटक दोहोऱ्याएर परीक्षण गर्नुपर्ने विधि हो ।

वर्तमान संरचना र प्रणालीले अपेक्षा गरेजस्तो ठ्याक्कै पूर्वनिर्धारित नतिजा नआउन पनि सक्छ । नवप्रवर्तन भनेको नयाँ आविष्कारसमेत हो । त्यसैले यसलाई कार्यसञ्चालन ढाँचाको दृष्टिकोणले विश्लेषण गर्न मिल्दैन । यसलाई नवप्रवर्तनकै नजरले हेर्नुपर्छ । एक-दुईपटकको असफलतालाई व्यवस्थापकीय वा संगठनात्मक कमजोरीको रूपमा लिनु हुँदैन । नवप्रवर्तन गर्दै जाने र सिक्दै जाने प्रक्रिया हो । तसर्थ वैज्ञानिक र प्राविधिकहरूलाई कार्यगत स्वायत्तता, नतिजाप्रतिको उत्तरदायित्व र कार्यसम्पादन समुचित मूल्यांकनका लागि सरल एवं प्रस्ट नीतिगत व्यवस्था लागू गर्नुपर्दछ ।

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षमा औद्योगिक विकास तथा नवप्रवर्तनको विकास गरेर श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत बेरोजगारी समस्या दिगो रूपमा समाधान गर्न श्रमबजारको मागअनुरूप युवा जनशक्तिको सीप र दक्षता विकास गरिने कार्यक्रम राखिएको छ । राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि एक अर्ब ९९ करोड रूपैयाँ विनियोजन गरिएको छ । रोजगारीको खोजीमा रहेका सीपयुक्त व्यक्तिको विवरण अद्यावधिक गरी श्रमबजारमा जोड्न रोजगार पोर्टल सञ्चालन गरिनुका साथै निजी क्षेत्रका छाता संगठनहरूसँगको सहकार्यमा सबै प्रदेशमा रोजगार मेला सञ्चालन गरिने कार्यक्रम राखिएको छ ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन श्रम गन्तव्यको विविधीकरण गरिनुका साथै श्रम कूटनीतिको माध्यमबाट थप मुलुकहरूसँग द्विपक्षीय श्रम सम्झौता गरिने र वैदेशिक रोजगारीमा जाने महिलाको कार्यस्थलको सुरक्षा र सेवा सुविधा सुनिश्चित हुनेगरी गन्तव्य मुलुकहरूसँग थप सम्झौता गरिने कार्यक्रम राखिएको छ । श्रम स्वीकृति सरल ढंगले प्रदान गर्ने व्यवस्था मिलाइनुका साथै सबै प्रदेशबाट श्रमसम्बन्धी अनलाइन सेवा प्रवाह गरिने र वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको सीप, पुँजी र प्रविधि सदुपयोग गरी स्वरोजगार प्रवर्द्धन र उत्पादन वृद्धि गर्न श्रमिकबाट उद्यमी कार्यक्रम सञ्चालन गरिने साथै यसका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिएको छ । शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र र परियोजना प्रस्तावको आधारमा विनाधितो दुई लाखदेखि २० लाख रूपैयाँसम्म तीन प्रतिशत व्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइने नीति लिइएको छ ।

# 'असफाल्ट प्लान्ट'को प्रदूषणले बस्तीमा सास्ती

■ सुदिप राउत

**सिरहा–** यहाँको धनगढीमाई नगरपालिका–३ बनौलीमा 'बजरंगबली कन्स्ट्रक्सन'द्वारा सञ्चालित सडक निर्माणमा प्रयोग हुने कच्चा पदार्थ तातो मिश्रण तयार गर्ने 'असफाल्ट प्लान्ट'बाट उत्सर्जित प्रदूषणले बस्तीका स्थानीय बासिन्दाको दैनिक जीवन र स्वास्थ्यमा गम्भीर असर पारेको स्थानीयले आरोप लाएका छन् । विगत तीन वर्षदेखि सञ्चालनमा रहेको यस प्लान्टबाट निस्किने धूलो, धुवाँ, कडा गन्ध र आवाजले बस्तीमा दैनिक जीवन कष्टकर बनाएको स्थानीयको गुनासो बढेर गएको छ ।

स्थानीयका अनुसार बस्तीको छेउमै रहेको प्लान्टमा गिट्टी र अलकत्रा पकाउने प्रक्रिया भइरहेकाले प्रदूषण अत्यधिक फैलिएको हो । जसको प्रत्यक्ष असर बस्तीमा परेको छ । घरमै बसेर सास फेर्न गाह्रो हुने अवस्था आएको उनीहरू बताउँछन् । 'विशेषगरी बिहान र साँझतिर धूलोले चारैतिर ढाक्छ, सास फेर्न अप्ठ्यारो हुन्छ, कडा गन्धले उकुसमुकुस बनाउँछ,' स्थानीय रवीन्द्र चौधरी भन्छन् ।

कतिपय स्थानीय त बाध्य भएर घरबास नै अन्यत्र सार्न थालेका छन् । तिनैमध्येका एक स्थानीय विजय सहनीले आफूले तीन किलोमिटर टाढा रहेको आफ्नै जग्गामा बसाइँ सरेको जानकारी दिए । 'यहाँ उद्योगको कडा गन्ध र धूलो-धुवाँले बस्नै नसक्ने भएपछि बाध्य भएर सरेको हुँ,' सहनीले भने, 'तर त्यहाँसम्म पनि प्रदूषणको असर आइपुगेको छ । अब कहाँ जाने ? जाने ठाउँ नै छैन ।'

स्थानीयहरूका अनुसार नजिकका बनौली, घले टोल, छप्रारी टोल, मेदनीपुरलगायतका बस्तीमा प्रदूषणको असर देखिएको छ । ती बस्तीहरूमा हजारौं मानिस बसोबास गर्ने गरेका छन्, जसले प्रत्यक्षरूपमा वातावरणीय प्रताडना भोग्नुपरेको स्थानीयको भनाइ छ ।

### विद्यालय प्रभावित, बालबालिकामा स्वास्थ्य समस्या



प्लान्ट नजिकै रहेको नाइटिङ्गेल विद्यामन्दिर स्कुलमा अध्ययनरत सयौं विद्यार्थी वर्षौंदेखि प्रदूषित वायुमण्डलमा बस्न बाध्य छन् । विद्यालयका प्रधानाध्यापक विजय चौधरीका अनुसार पछिल्ला केही महिनादेखि विद्यार्थीमा वाकवाकी लाग्ने, टाउको दुख्ने, वान्ता आउनेजस्ता समस्या देखिन थालेको छ । उनले भने, 'यहाँ अध्ययनरत झण्डै ४०० विद्यार्थीको स्वास्थ्यमा प्रतिकूल असर परेको छ ।'

अभिभावकहरूले स्वास्थ्य समस्या देखिएपछि अस्पतालसम्म पुर्‍याउनुपरेको जनाएका छन् । बालबालिका, वृद्धवृद्धा र घरबाहिर काम गर्ने व्यक्तिहरू बढी प्रभावित भएको स्थानीयहरू बताउँछन् ।

### स्थानीयको उजुरी र प्रशासनको हस्तक्षेप

स्थानीयले प्लान्टको असरबारे लामो समयदेखि पटक-पटक नियामक निकायमा उजुरी दिएका थिए । जिल्ला प्रशासन कार्यालय सिरहा, इलाका प्रशासन कार्यालय लहान, घरेलु तथा साना उद्योग कार्यालय लहान, इलाका प्रहरी कार्यालय लहानलगायतका निकायमा उजुरीपछि गत असार महिनाको १८ गते इलाका प्रशासन कार्यालय लहानको नेतृत्वमा उक्त प्लान्टको स्थलगत अनुगमन गरिएको थियो । निरीक्षणका क्रममा प्लान्ट सञ्चालक अनुपस्थित रहेकाले इलाका प्रशासनले प्लान्टमा ताला लगाएको थियो ।

स्थानीय बासिन्दा, प्लान्ट सञ्चालक र प्रशासनबीच त्रिपक्षीय वार्तापछि असार मसान्तसम्म उद्योग सञ्चालन गर्न दिने र साउन १ गतेदेखि प्रचलित कानुनअनुसार प्रदूषण नियन्त्रणका सबै उपायहरू अवलम्बन गरेरमात्र उद्योग सञ्चालन गर्न दिने सहमति भएसँगै उद्योगको ताला खोलिएको थियो ।

तर सहमतिअनुसार प्रदूषण नियन्त्रणका उपायहरू लागू नगरी उद्योग सञ्चालन गरिएको स्थानीयको आरोप छ । जसले पुरानै रूपमा प्रदूषण फैलिरहेको छ । यसले गर्दा उद्योगलाई रोक लगाउनुपर्ने वा बस्तीभन्दा टाढा स्थानान्तरण गर्नुपर्ने माग उनीहरूको छ । स्थानीय नवीनकिशोर चौधरी भन्छन्, 'बस्तीको छेउमै प्लान्ट सञ्चालन भइरहेको छ । यस्तो अवस्थामा विकल्प के हो ? बस्ती सार्ने कि प्लान्टलाई नै बस्ती नभएको ठाउँमा सार्ने ? मेरा दुई साना बालबालिका यही विद्यालयमा पढ्छन्, उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ ।'

प्लान्ट सञ्चालक राजेश्वर साहले भने सबै प्रक्रिया कानुनीरूपमा अघि बढाएको र सरकारी मापदण्डअनुसार प्लान्ट सञ्चालन गरिएको दाबी गरे । उनले भने, 'पहिला कसैलाई केही थिएन, अहिले उद्योग राम्रोसँग चलेपछि सबैको नजर लागेको हो ।' उनले आवश्यकता परेमा प्लान्ट अन्यत्र सार्न तयार रहेको र वातावरणीय अध्ययन गरेर निष्कर्ष निकाल्नुपर्ने धारणा राखे ।

तर स्थानीयले भने वातावरणीय प्रभाव मूल्यांकन (इआइए वा आइइई) विना उद्योग सञ्चालन गरिएको आरोप लगाएका छन् । प्लान्ट घरेलु कार्यालयमा मात्र 'कन्स्ट्रक्सन कम्पनी'का रूपमा दर्ता भएको कार्यालयले बताएको छ । स्थानीय, शिक्षक र अभिभावकले तत्काल प्लान्ट बन्द नगरिए कडा आन्दोलनमा उत्रनुपर्ने चेतावनी दिएका छन् । उनीहरूको भनाइमा स्थानीयको स्वास्थ्य र वातावरणीय असरलाई बेवास्ता गर्दै निर्माण व्यवसायी साहले प्लान्टलाई दीर्घकालीन रूपमा सञ्चालन गर्ने योजना अघि बढाइरहेका छन् । यसले स्थानीय समुदायमा थप असन्तोष र आक्रोश पैदा गरिरहेको छ ।

इलाका प्रशासन कार्यालय लहानका प्रमुख गोकर्णराज सुयलका अनुसार प्लान्टको वातावरणीय असरबारे थप अध्ययन र अनुगमन प्रक्रिया अघि बढाइने छ । 'जनस्वास्थ्यभन्दा ठूलो कुरा अरू हुन सक्दैन । त्यसैले हामीले स्थानीयको सहमतिबेगर उद्योग सञ्चालन गर्न नदिने निर्णय गरेका छौं,' उनले थप स्पष्ट पार्दै भने, 'प्रहरीसँग समन्वय गरेर घरेलु तथा साना उद्योग कार्यालयलाई उक्त उद्योग तत्काल बन्द गर्न निर्देशन दिइसकिएको छ । यदि सञ्चालकलाई चित्त नबुझेमा माथिल्लो निकायमा वा कानुनी प्रक्रिया अवलम्बन गर्नसक्ने विकल्प खुला छ ।'

धनगढीमाई नगरपालिकाका नगरप्रमुख शिवशंकर महतोले प्लान्टको विषयमा चाँडै अनुगमनमा जाने र आवश्यक अध्ययन गर्ने प्रतिक्रिया दिए । उनले भने, 'यदि वातावरणमा असर गरेको पुष्टि भएमा आवश्यक कारबाही गरिन्छ, प्लान्ट बन्द गर्न निर्देशन दिन सकिन्छ । जनस्वास्थ्य र वातावरणको सुरक्षामा कुनै सम्झौता गरिँदैन ।' *रासस*

# अतिक्रमित वन क्षेत्र खाली गराई वृक्षरोपण

**घोडाघोडी (कैलाली)–** कैलालीको गौरीगंगा नगरपालिका–१० स्थित सरस्वती सामुदायिक वनको अतिक्रमित वनक्षेत्र खाली गराई वृक्षरोपण गरिएको छ । यहाँ तीन दशमलव नौ हेक्टर क्षेत्र खनजोत गरी अतिक्रमण गरिएको थियो ।

डिभिजन वन कार्यालय कैलालीले वन कर्मचारी, सुरक्षा निकाय र स्थानीय उपभोक्ताको सहयोगमा अतिक्रमित वन क्षेत्र मंगलबार खाली गराएको छ । उक्त क्षेत्रमा मंगलबार नै विभिन्न प्रजातिका छ हजार बिरुवा रोपिएको डिभिजनल वन अधिकृत कृष्णदत्त भट्टले जानकारी दिए ।

अतिक्रमण हटाउने कार्यमा डिभिजन वन कार्यालयका कर्मचारी, सशस्त्र वन रक्षक, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त टोली परिचालन गरिएको थियो । वृक्षरोपणसँगै अतिक्रमणमुक्त गरिएको उक्त वन क्षेत्रको सुरक्षाका लागि ९८२ मिटर लामो ट्रेन्च नाली निर्माण गरी तारबारसमेत गरिएको डिभिजनल वन अधिकृत भट्टले जानकारी दिए ।

असारको अन्तिम साता रातिको समयमा केही व्यक्तिले ट्र्याक्टर प्रयोग गरी उक्त सामुदायिक वनको जमिन जोतेर मास छरेपछि सामुदायिक वन उपभोक्ता समूहले त्यसको प्रतिकार गरेको थियो । अतिक्रमणकारीले अवरोध सिर्जना गरेपछि समूहले सवडिभिजन वन कार्यालय, उदासीपुरमार्फत डिभिजन वन कार्यालय, कैलालीलाई अतिक्रमण हटाउन सहयोगका लागि अनुरोध गरेको सरस्वती सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पदमबहादुर ऐरेले बताए ।

त्यसपछि असार ३१ गते डिभिजनल वन अधिकृत भट्ट, गौरीगंगा नगरपालिका प्रमुख देवीलाल कँडेल, वडा नं १० का अध्यक्षलगायत जनप्रतिनिधि र स्थानीय राजनीतिक दलका प्रतिनिधिको टोलीले अतिक्रमित क्षेत्रको स्थलगत अनुगमन गरेको सवडिभिजन वन कार्यालय उदासीपुरका सहायक वन अधिकृत केशवराज पौडेलले बताए ।

त्यसै आधारमा सोमबार कैलालीका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको बैठकले अतिक्रमित वन क्षेत्रलाई तत्काल खाली गराई वृक्षरोपण र तारबार गर्ने निर्णय गरेको थियो । 'सोही निर्णय कार्यान्वयन गर्दै मंगलबार उक्त अतिक्रमित वनक्षेत्र खाली गराई ट्रेन्च निर्माण, तारबार र वृक्षरोपण गरिएको हो,' डिभिजनल वन अधिकृत भट्टले भने ।

कैलाली वन अतिक्रमणको दृष्टिकोणले देशकै सबैभन्दा संवेदनशील क्षेत्र मानिन्छ । महालेखापरीक्षकको ६२औं वार्षिक प्रतिवेदनअनुसार देशभर अतिक्रमणमा परेको कूल एक लाख चार हजार हेक्टर वन क्षेत्रमध्ये ३८ प्रतिशतभन्दा बढी कैलालीमामात्रै रहेको छ, जुन ३८ हजार ४० हेक्टर हुन आउँछ ।

यद्यपि, पछिल्ला वर्षहरूमा कैलालीका डिभिजन वन कार्यालयले अतिक्रमण हटाउन आफ्नो सक्रियता बढाएका छन् । सुदूरपश्चिम प्रदेश वन निर्देशक हेमराज विष्टका अनुसार गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै जिल्लाको १३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको थियो ।

उनले अतिक्रमण नियन्त्रणका क्रममा आउने व्यावहारिक कठिनाइ समाधान गर्न वन निर्देशनालयले आफ्नै जेसिबी खरिद गरी प्रयोगमा ल्याएकाले अतिक्रमण नियन्त्रणमा सघाउ पुगेको बताए । वन अतिक्रमणका पछाडि व्यक्तिगत स्वार्थमात्र नभई संगठित र राजनीतिक कारणहरू पनि जिम्मेवार रहेको निर्देशक विष्टको भनाइ छ । 'भू-माफियाहरूले सुकुम्बासी र बाढीपीडितका नाममा वन कब्जा गराउने, भोट बैंकको राजनीतिका कारण अतिक्रमणले राजनीतिक संरक्षण पाउने र सरकारी निकायबाटै वन क्षेत्रमा सडक, भवनजस्ता संरचना निर्माण हुने प्रवृत्तिले समस्यालाई थप जटिल बनाएको छ,' उनले भने । *रासस*

# डेंगी र कोरोना देखिन थालेपछि गण्डकीमा सतर्कता

■ प्रभाव संवाददाता

**गण्डकी–** डेंगी र कोराना संक्रमणको जोखिम बढेपछि गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले मंगलबार मन्त्रालयमा आकस्मिक बैठक राखी मातहतका निकायलाई रोकथामको तयारीसहित उच्च सतर्कता अपनाउन निर्देशन दिएका छन् । आइतबार पोखराको चरक अस्पतालमा कोरोना संक्रमित ७४ वर्षीया महिलाको उपचारका क्रममा निधन भएपछि स्वास्थ्य मन्त्रालयले यसमा चासो र सतर्कता बढाएको हो ।

स्वास्थ्यमन्त्री पाठकले डेंगी र कोरोना संक्रमणको जोखिम नियन्त्रणका लागि मन्त्रालय मातहतका अस्पताल र जनस्वास्थ्य कार्यालयलाई आवश्यक तयारी गर्न निर्देशन दिइएको बताए । उनका अनुसार प्रदेशभित्र हालसम्म ४६० जनामा डेंगी संक्रमण पुष्टि भएको छ । साउनदेखि कात्तिकसम्म डेंगी संक्रमण बढ्ने जोखिम उच्च रहने भएकाले संक्रमण रोकथाम तथा व्यवस्थापनको तयारी गर्नुपर्ने स्वास्थ्यमन्त्री पाठकले बताए ।

गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका महानिर्देशक खिमबहादुर खड्काले कोरोना संक्रमित महिलाको मृत्युको घटनाबाट सबै सचेत हुनुपर्ने बताए । गत असार २५ गते कोरोना संक्रमण पुष्टि भएका महिलाको आइतबार मृत्यु भएको थियो । 'उनमा अन्य स्वास्थ्य समस्यासँगै कोरोना संक्रमण देखिएको थियो, अवस्था जटिल बन्दै गएपछि उपचारकै क्रममा निधन भएको हो,' महानिर्देशक खड्काले भने, 'कोरोनाको कुन भेरियन्ट हो भन्ने अझै पत्ता लागिसकेको छैन, कोरोनाका कारणले मात्र नभई अन्य स्वास्थ्य समस्यासमेत रहेकाले बिरामीको मृत्यु भएको हो ।'

संक्रमित महिलामा उच्च रक्तचाप, मधुमेहलगायत समस्या रहेको उनले बताए । श्वासप्रश्वासमा समस्या देखिएपछि अस्पताल भर्ना भएकी महिलामा कोरोना संक्रमण देखिएको थियो । महानिर्देशक खड्काका अनुसार गत पुसयता गण्डकी प्रदेशका आठ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

गत वर्ष डेंगी संक्रमणको 'हटस्पट' बनेको प्रदेशको राजधानी सहर पोखरासहित सबै जिल्लामा सचेतना र अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले महानगरको लेखनाथ क्षेत्रमा फाट्टफुट्ट रूपमा डेंगीको संक्रमण देखिन सुरू गरेको बताए । 'डेंगी संक्रमणको उच्च जोखिम रहने समय नजिक आइरहेकाले रोकथामका उपायबारे समुदायमा अभिमुखीकरण गर्ने काम गरिएको छ,' उनले भने ।

कक्षा ७ देखि १० कक्षासम्मका विद्यार्थी, महिला स्वास्थ्यस्वयंसेवकगायतलाई पनि डेंगी संक्रमण रोकथामका विषयमा सचेतना प्रदान गरिएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताए । डेंगी परीक्षणका लागि 'कीट' व्यवस्थापन र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका काममा पनि महानगरको स्वास्थ्य महाशाखा लागिपरेको उनको भनाइ छ । गत वर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार ६०० जनाभन्दा बढीमा डेंगी संक्रमण भएको थियो । डेंगी संक्रमणबाट पोखराका तीन जनाको मृत्यु भएको थियो ।

त्योबेला प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरा डेंगी संक्रमणको 'हटस्पट' बनेको उल्लेख गरेको थियो । गत वर्ष भदौ पहिलो हप्तादेखि असोज पहिलो हप्तासम्ममा पोखरामा छ गुणाले डेंगी संक्रण बढेको थियो । महानगरपालिकाले लामखुट्टेको वासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि नै सुरू गर्दै आए पनि डेंगी रोकथाम चुनौतीपूर्ण बन्दै गएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताए । 'हरेक व्यक्ति, परिवार र समुदाय सचेत नभएसम्म डेंगी रोकथाम र नियन्त्रण गर्न कठिन छ,' उनले भने ।

डेंगी फैलाउने लामखुट्टेको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा रहेका खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्ट गर्नुपर्ने उनले बताए । डेंगी रोग सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको बासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको छ । सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ । लामखुट्टको सोही जीवनचक्र खल्बल्याउन बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरिएको हो ।


## अपर अरुण जलविद्युत आयोजना
## आदिबासी जनजाती सल्लाहकार परिषद (AJAC)
**भोटखोला गाउँपालिका–४, गोला, संखुवासभा**

**करार सेवामा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !**

*(प्रकाशन मिति : २०८२/०४/०८ गते)*

यस परिषदले अपर अरुण हाइड्रो-इलेक्ट्रिक लिमिटेड/अपर अरुण जल विद्युत आयोजनाको आर्थिक सहयोगमा सञ्चालित आदिवासी जनजाती योजना कार्यान्वयनका लागि अपर अरुण जलविद्युत आयोजना आदिवासी जनजाति सल्लाहकार परिषद अन्तर्गत तपसिलको पदहरूमा खुला प्रतिष्प्रर्धाद्वारा करार सेवामा कर्मचारी नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको सबैको लागि सूचना प्रकाशित गरिएको मिति देखि **१५ (पन्ध्र)** दिनभित्र कार्यालयको E-mail : ajacbhot10@gmail.com मा वा भौतिक उपस्थितिमा परिषदको कार्यालयमा रितपूर्वक दरखास्त दिनुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं | पद/सेवा,समूह | तह | माग सङ्ख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १. | ०१/२०८२-८३ | कार्यक्रम संयोजक/प्रशासन | ७ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्र/मानवशास्त्र/ग्रामीणविकास/अर्थशास्त्र/वाणिज्यशास्त्र विषयमा स्नातकोत्तर तह उत्तिर्ण गरेको । साथै मान्यता प्राप्त निकायमा २ वर्षको कार्य अनुभव भएको । |

सूचना सम्बन्धी विस्तृत विवरण भोटखोला गाउँपालिका कार्यालयको वेवसाइट www.bhotkholamun.gov.np र अपर अरुण हाइड्रो इलेक्ट्रिक कम्पनीको वेवसाइट www.uahel.com.np वटा हेर्न सकिने छ ।

सदस्य सचिव
पदपूर्ति समिति



**युएईमा रोजगार**
कम्पनी : AL RASA PEST CONTROL & BUILDING CLEANING SERVICE.
पूर्व स्वीकृति मिति : २०८०/१२/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०७ LT. No. 302298 चलानी नं. ६०२१७२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER | 1 | 0 | 1200 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | MESSENGER | 1 | 1 | 1200 | ४४,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Munal Overseas Pvt. Ltd.
श्रम इजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4561297, 4562046, 9806758605



**युएइ/कुवेतमा रोजगार**
कम्पनी : SABAH ALSAFINA TECHNICAL SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८१/१२/१६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०७ LT. No. 321409 चलानी नं. ६०२३५४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 13 | 0 | 1200 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TABIZ FOOD SUPLIES COMPANY
पूर्व स्वीकृति मिति : २०८१/०२/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०७ LT. No. 305968 चलानी नं. ६०२२०६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF ASSISTANT / PREPARER | 5 | 0 | 150 | ६७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Pastry Cook | 1 | 0 | 200 | ९०,१९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



**युएइमा रोजगार**
कम्पनी : S K SOLUTIONS FACILITY SERVICES L.L.C.
पूर्व स्वीकृति मिति : २०८२/०४/०७ LT. No. 327490 चलानी नं. ६०२४१३६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/packer/picker | 75 | 0 | 1000 | ३७,४७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Indoor Cleaner | 25 | 0 | 1000 | ३७,४७० | | | | | | | |
| 3 | Stocker | 26 | 0 | 1000 | ३७,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RAJ GROUP
Govt. License No. 1245/073/74
Raj Group Of Company Pvt.Ltd.
Basundhara-3, Kathmandu, Nepal
Tel : +97715903550/15903664, Email : md@rajgroupnepal.com



**युएइमा रोजगार**
कम्पनी : FAST BLDG. CONT. CO. LLC. शहर: UAE, Sharjah Industrial Area No. 12
पूर्व स्वीकृति मिति : २०८१/१०/१० पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०७ LT. No. 317663 चलानी नं. ६०२३१८३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 40 | 0 | 1200 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Building Labor | 23 | 0 | 1000 | ३७,४७० | | | | | | | |
| 3 | Carpenter | 7 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 4 | House-builder | 19 | 0 | 1000 | ३७,४७० | | | | | | | |
| 5 | Joiner | 23 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 6 | Plumber | 8 | 0 | 1200 | ४४,९६५ | | | | | | | |
| 7 | Stone Mason | 32 | 0 | 1200 | ४४,९६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RELIABLE MANPOWER RECRUITMENT PVT LTD
Govt.Lic. No 1728/081/82
Sinamangal-9, Kathmandu, Nepal, (50 Meter opposite to Hope Hospital) T: 01-5922931/ 5922932/ 5922934
Email:- reception@reliablemanpowernepal.com, Web: www.reliablemanpowernepal.com



**साउदी/कुवेतमा रोजगार**
कम्पनी : PEPPER RIVER RESTAURANT CATERING ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८२/०४/०८ LT. No. 327359 चलानी नं. ६०२४१३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1500 | ५५,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : INGA BEAUTY SALON AND SPA
पूर्व स्वीकृति मिति : २०८२/०४/०७ LT. No. 327534 चलानी नं. ६०२४१३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician (F) | 0 | 10 | 150 | ६७,६४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD
श्रम इजाजत नं. १६६५/०८०/८१
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

प्रभाव दैनिक

## रूपशाला

### 'सुम्निमा'मा अनुपविक्रम शाही

निर्देशक मिलन चाम्सको निर्देशनमा बन्ने प्रेमकथामा आधारित चलचित्र 'सुम्निमा' मा अभिनेता अनुप विक्रम शाही अनुबन्धित भएका छन् । यो चलचित्र मार्फत चाम्स र शाहीबीच चौथोपटक सहकार्य हुन लागेको हो। यसअघि दुबैले 'हँसिया', 'वीर विक्रम' र 'लिली बिली' मा सँगै काम गरिसकेका छन् । 'लिली बिली' पछि सात वर्षपछि पुनः सहकार्य हुन लागेको हो । अनुप विक्रम शाहीका अनुसार, 'सुम्निमा' मा उनले अहिलेसम्मको करिअरमा नभोगेको नयाँ खालको चरित्र निर्वाह गर्नेछन्, जसका लागि उनी हाल तयारीमा जुटेका छन् ।




बुधबार, ०८ साउन, २०८२ (Thursday, 24 July 2025)

# चलचित्र 'एक्लो'को भव्य सेटअपमा दृश्य छायांकन



■ प्रभाव संवाददाता

**काठमाडौं–** वैज्ञानिक कल्पनामा आधारित नेपाली चलचित्र 'एक्लो' को केही महत्वपूर्ण दृश्य काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा भव्य सेटअप तयार गरी छायांकन गरिएको छ । निर्देशक प्रदीप शाहीका अनुसार, तीन मिनेट लामो एक सट दृश्य खिच्न विशेष तयारी गरिएको थियो, जसमा अभिनेता विजय लामा र अभिनेत्री दिया पुन सहभागी थिए ।

दृश्यमा पाइलट विजय लामाको अगाडि सवारी दुर्घटनाको दृश्य देखिन्छ, जहाँ जम्बीको कारण भिडभाड भएको देखाइएको छ । उक्त दृश्यले फिल्मको कथा अघि बढाउने महत्त्वपूर्ण मोडको प्रतिनिधित्व गर्छ ।

छायांकनको क्रममा कलाकारहरू पटक-पटक दौडिएर कार र साइकलबीच भएको दुर्घटनास्थलमा पुग्ने दृश्य पुन: अभिनय गर्नुपरेको थियो । सट बिग्रिएपछि बारम्बार 'कट' भन्दै दृश्य दोहोरिनु पर्‍यो । निर्देशकको अनुसार, दुई मिनेट लामो वान सट दृश्य खिच्न झण्डै ६ घण्टा लाग्यो ।

कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज'का अनुसार यस्तो दृश्य खिच्नका लागि उच्च स्तरको योजना र धैर्य आवश्यक पर्छ। "सानो त्रुटि हुँदा पनि सबै प्रक्रिया सुरुबाट दोहोरिनुपर्ने भएकाले समय धेरै लाग्यो," उनले बताए ।

फिल्म 'एक्लो' नेपाली चलचित्र क्षेत्रमा दुर्लभ वैज्ञानिक कथामा आधारित चलचित्र हो, जसमा अभिनेता प्रदीप खड्का मुख्य भूमिकामा छन् । हाल फिल्मको पोस्ट-प्रोडक्सन कार्य लन्डनमा भइरहेको छ र आगामी पुष महिनामा, क्रिसमस अवसर पारेर रिलिजको तयारी भइरहेको छ ।

फिल्मको टिजर केही समयअघि सार्वजनिक भइसकेको छ, जसमा प्रदीप खड्कासँगै विजय लामा, दिया पुन, कविता नेपाली, जेमी बेकन, बेनिशा हमाल लगायतका कलाकारहरूको लुक्स प्रस्तुत गरिएको थियो । यस फिल्मले यसअघि कान्स फिल्म फेस्टिभल को बजार क्षेत्र (मार्केट) मा आफ्नो उपस्थिति जनाएको थियो, जसले अन्तर्राष्ट्रिय स्तरमा पनि चासो बटुलेको छ ।

फिल्मको निर्देशन प्रदीप शाहीले गरेका हुन्, जसले यसअघि दुई फिल्म निर्देशन गरिसकेका छन् । लामो समयदेखि बेलायतमा बसोबास गर्दै आएका शाहीले 'एक्लो' लाई हलिउडस्तरको प्रविधि र प्रस्तुति दिने लक्ष्यसहित निर्माण गरिरहेका छन् ।

कलाकारहरूमा प्रदीप खड्का, विजय लामा, सुनील थापा, दिया पुन, बेनिशा हमाल, दिनेश डीसी, कविता नेपाली, सुरजसिंह ठकुरी, एवन राज उप्रेती, त्रिचु राई, कृष्णभक्त महर्जन, विकास अधिकारी, दिग्गज खत्री, विनोद सुवेदी 'क्षितिज', आरुषजंग सारु मगर, श्रीशेष श्रेष्ठ, बाल कलाकार जेमिन श्रेष्ठ र स्योन सविक सिंह तथा बेलायती अभिनेता जेमी बेकन छन् ।

निर्माताहरूमा राजकुमार गुरुङ, हरि श्रेष्ठ, विष्णु तामाङ, उत्सव विष्ट, भाइराजा थापा, नवीन सिवा, बागवीर पुन, भुवन अधिकारी, संगीता वादी श्रेष्ठ, रितेश राना, सुशील प्रजापति र शशिकला गुरुङ छन् भने कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' हुन् ।

प्राविधिक पक्षमा, छायांकन बाबु श्रेष्ठ, द्वन्द्व निर्देशन राजु तामाङ, सेट डिजाइन राजु पेन्टर, कला निर्देशन सन्तोष लामा, र प्रोडक्सन डिजाईन द्रोण प्रसाद पौडेल 'ठेउके' को जिम्मेवारीमा रहेको छ ।

'एक्लो' नेपाली फिल्म उद्योगमा वैज्ञानिक कल्पनामा आधारित उच्चस्तरीय प्रस्तुति दिनेतर्फको एक गम्भीर र महत्वाकांक्षी प्रयासका रूपमा हेरिएको छ ।

# 'नाकछोङ'को युकेमा प्रदर्शन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली मौलिक संस्कृति र राई समुदायको परम्परागत मूल्यलाई आत्मसात् गर्दै निर्माण भएको फिल्म 'नाकछोङ' (बिजुवा) युकेमा विशेष प्रदर्शन गरिएकोछ । 'द आसफोर्ड सिनेमा'मा २० जुलाईमा आयोजित प्रदर्शनमा स्थानिय नेता, ब्यवसायी, भिआइपी, युके निवासी नेपाली लगायतको उल्लेख्य उपस्थिती थियो ।

फिल्मको विशेष प्रदर्शनमा फिल्मका तर्फबाट निर्माता ज्योतीराज राई सहभागी थिए । विशेष प्रदर्शनमा फिल्म हेर्ने अधिकाम्सले फिल्म मनपरेको प्रतिक्रिया दिए । कतिपयले कथा र फिल्म मेकिङ राम्रो भन्दे तारिफ गरेको निर्माता राईले बताए । फिल्म प्रदर्शनको सम्पूर्ण व्यवस्थापन किरात राई यायोक्खा प्रा.का.स आसफोर्डद्वारा गरिएको हो ।

फिल्म अब बेलायतमा रहेका किरात राई यायोक्खाको सत्रवटै प्राकासमा प्रर्दशन गरिनेछ । फिल्म युरोपको ५ स्थान र हङकङ, कोरिया, अष्ट्रेलिया, जापान, सिंगापुर, ब्रोनाई, मलेसिया लगायत स्थानमा समेत विशेष प्रदर्शन फिक्स भैसकेको निर्माता राईको भनाई छ ।

फिल्ममा भुवन सिंह राई, यासेली योङ्हाङ, शुष्मा सुब्बा गुरुङ, सारा राई, ताया हाङ राई, अनुशा राई, सरोज राई, उत्तम राई, पूर्ण लिम्बु, त्रिचु राई, दिनेश कोइराला, हेम दिलुङ्छा राई, उदय सुब्बा कुरुङ्बाङ, विनोद पोमो, तुलशा लिम्बु, मदन खोदूङ राई ,ससिता राई रसा लिम्वू , मीसन बान्तावा राई,सागर केरुङ, बबिन राई र बाल कलाकार जेशन राई लगायतको अभिनय छ ।

फिल्म किरण राईले निर्देशन गरेका हुन् । किरणको यो निर्देशनमा तेस्रो फिल्म हो । उनले यसअघि 'लुङा' र 'जिउपंचौ' निर्देशन गरेका थिए । फिल्ममा लेखन समेत किरणकै छ पोपीराज राई निर्माता रहेको फिल्मको छायांकन बाबु श्रेष्ठले गरेका हुन् । राजन मुकारुङ र विष्णु किरातीको शब्द, दिनेशकाजी वान्तवा, अनिल कोई राईको संगीत रहेको फिल्मको गीतमा नोगेन लिम्बु र परेस राईले स्व दिएका छन् ।

फिल्मको मुख्य सहायक निर्देशक बारत लिम्बु रहेका छन् । कार्यकारी निर्मार्ता रमु श्रेष्ठ रहेको फिल्मको पटकथा सम्पादन निर्देशक किरण र निर्माता ज्योतीराजले मिलेर तयार पारेका हुन् भने पार्स्व संगीत मोनिष निरौला, कलर अनिल राना, ध्वनि संयोजन र मिक्सिङ सागर अर्यालको रहेको फिल्मका निर्माण नियन्त्रक दोय गिरीराज राई र कमल लिम्बु (सार्के) रहेका छन् ।

निर्माता ज्योतीराजले फिल्मको निर्माण आफ्नो परम्परा जोगाएर पुस्तान्तरण गर्नु रहेको बताए । हरेक चाड, विवाह, कुलपितृ, मर्दापर्दा , रीति भेसभुषामा आवश्यक बिजुवा (नकछोङ )को संरक्षणका लागि फिल्म निर्माण गरिएको हो । फिल्मको नेपाल प्रदर्शन मिति तोकिएको छैन । फिल्म स्वदेशी तथा विदेशी अन्तर्राष्ट्रिय फिल्म महोत्सवमा प्रदर्शनपछि मात्र सार्वजनिक प्रदर्शनमा आउनेछ । निर्माता ज्योतीराजले यसअघि 'लुङ्गा', संगम, त्रिवेणी, पापी मान्छे, वान वे प्रोडूसर , लगायत फिल्म का साथै चर्चित टिभी सिरिजहरू पनि निर्माण गरेका छन् ।

# जोगिन्दरको नेताहरूलाई झटारो

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय हास्य कलाकार शिव शंकर रिजाल 'जोगिन्दर पानवाला'ले हरेक बर्षको 'गाइजात्रा'लाई लक्षित गर्दै हास्यब्यङ्ग्य सामाग्री बजारमा ल्याउने गर्छन् । यस्तैमा यो बर्ष पनि उनले नेताहरूलाई ब्याङ्ग्यको झटारो प्रहार गर्दै गाईजात्रे कमेडी कोसेली 'मिसन नौटंकी' ल्याएका छन् ।

'मिसन नौटंकी'मा उनले देशमा सबैको चासो र चिन्ताको विषय भष्टाचार र नेताहरूको गलत क्रियाकलाप उठाएका छन् । उनले पछिल्लो समय जुनै दलको नेताहरूले भन्ने गरेको 'मिस चौरासी'का बिषयलाई समेत नौटंकीको रूपमा संख्या दिदै तिखो ब्याङ्ग्य गरेका छन् । 'मिसन नौटंकी' ओएसआर डिजिटल मार्फत सार्वजनिक गरिएको छ ।

नेताहरूको क्रियाकलाप र समाजका बिकृति बिसंगतीमाथि ब्याङ्ग्य गर्दै दर्शक तथा स्रोतालाई हास्यब्याङ्ग्यको माध्यमबाट विशुद्ध मनोरञ्जन दिने उद्देश्यले 'मिसन नौटंकी' सार्वजनिक गरेको कलाकार रिजालले बताए ।

हरेक बर्ष जस्तै यो पटक पनि उनले आफ्नो 'गाईजात्रे' कोसेलीमा प्यारोडी समेटेका छन् । यसपटक उनले हिट फिल्म 'जाजै जात्रा'को गीत 'लाईदेउ माया पिरिम'मा प्यारोडी बनाएका छन् । जसमा रवि लामिछानेको जेल, नेताहरूको क्रियाकलाप, भ्रष्टाचार, लुटपाट लगायको बिषय उठाएका छन् ।

बिसं २०६१ देखि नियमित 'जाइजात्रे' कोसेली ल्याउदै आएका रिजालको 'मिसन नौटंकी' २२ औं कोसेली हो । गतवर्ष उनले 'लुछाचुडी' ल्याएका थिए ।

'मिसन नौटंकी'मा रिजालको अलवा राधिका हमाल, प्रेम शर्मा पौडेल, सबित्रा लामिछाने 'सबु', धिरेन्द्र सिंह, किरण खनाल, बेदमणी अधिकारी, बलराम धमला 'ठुले दाई', सबिना बिक, भिम परियार, र बालकलाकार पोस्ना श्रेष्ठको अभिनय छ । 'मिसन नौटंकी' लेखन, प्रस्तुति र निर्देशन रिजाल आफैले गरेका हुन् ।

गाइजात्रा हास्य कलाकारका लागि एउटा महान् उत्सव भएकोले सधैं झैं यो वर्षपछि गाईजात्रे झटारो ल्याएको रिजालले बताए । 'सधैं झैं यो वर्षपनि दर्शकश्रोताले मेरो कोसेलीमा माया दिनुहुन्छ भन्ने विश्वास छ', रिजालले भने । रिजाल अहिले राष्ट्रिय नाचघरले आयोजना गर्ने गाइजात्रे कार्यक्रम तयारीमा जुटेका छन् ।

## रंगशाला

# विश्व बुदो मार्सल आर्ट्स च्याम्पियनसिपमा भाग लिँदै नेपाल




■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्व बुदो मार्सल आर्ट्स च्याम्पियनसिपमा सहभागी हुन ७ खेलाडीसहित १३ सदस्यीय नेपाली टोली बिहीबार अजरबैजानको बाकु जाने भएको छ । साउन ८ देखि १२ गतेसम्म हुने प्रतियोगितामा ५ पुरुष र २ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन् ।

पुरुष ७० केजीमा रोचक भट्टराई, ७५ केजीमा विनोद महर्जन, ८५ केजीमा सुदर्शन खतिवडा, ८० केजीमा सागर विष्ट र ६५ केजीमा रमेश खड्गीले प्रतिस्पर्धा गर्ने छन् । महिला ४२ केजीमा पूजा खड्का तथा ५५ केजीमा बविता कार्कीले खेल्ने छन् ।

प्रशिक्षकमा नेपाल बुदोकैदो फुल कन्ट्याक्ट संघका अध्यक्ष वीरकृष्ण महर्जन, व्यवस्थापकमा रजिम शाही, अफिसियलमा सन्देश महर्जन र कुमारध्वज लामा तथा निर्णायकमा करुणा राउत क्षेत्री र राजीव श्रेष्ठ रहेका छन् ।

टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, राखेपका सदस्य हिमालकुमार श्रेष्ठ र जगतसिंह धामीले बुधबार एक कार्यक्रमबीच बिदाइ गरे ।

## चर्च ब्वाइजको सानदार जित, पुलिसको पहिलो हार

**काठमाडौं (प्रस)–** चर्च ब्वाइज युनाइटेडले एन्फा यु-१६ युथ लिगमा बुधबार विभागीय टोली नेपाल पुलिस क्लबविरुद्ध ५-० को सानदार जित दर्ता गरेको छ । चौथो जितसँगै आठ खेलमा १३ अंक जोडेको चर्च ब्वाइज छैटौं स्थानमा उक्लिएको छ । पहिलो पराजय बेहोरेको पुलिस समान खेलबाट १९ अंकका साथ शीर्ष स्थानमा कायम छ ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा चर्च ब्वाइजलाई जित दिलाउन अप्सन गुरुङ, स्वप्नील दर्लान,सौगात राई, सुशन थापामगर र सुनिल दंगालले गोल गरे । खेलको १७औं मिनेटमा अप्सनको गोलमार्फत चर्च ब्वाइजलाई अग्रता दिलाएका थिए । पहिलो हाफको इन्जुरी समयमा स्वप्नीलले टोलीको अग्रता दोब्बर बनाए । सौगातले गोल गर्दा ७८औं मिनेटमा गोल गर्दा चर्च ब्वाइज ३-० ले अगाडि बढ्यो । निर्धारित समय सकिन तीन मिनेट बाँकी रहँदा सुशनले टोलीका लागि चौथो गोल गरे । खेलको इन्जुरी समयमा सुनिलले गोल गर्दा चर्च ब्वाइज ५-० ले विजयी भयो । बुधबारै सम्पन्न खेलमा मनाङ मर्स्याङदी आर्मीलाई २-० तथा श्री भगवतीले फ्रेन्ड्सलाई १-० पराजित गर्‍यो ।

## एएफसी यू–२०: मंगोलियाले लियो नाम फिर्ता

**काठमाडौं (प्रस)–** मंगोलियाले एएफसी यु-२० महिला एसियन कप छनोटबाट नाम फिर्ता लिएको छ । एसियाली फुटबल महासंघका अनुसार थाइल्यान्डमा अर्को वर्ष हुने प्रतियोगिताका लागि समूह ए मा साबिक विजेता उत्तर कोरियासँगै मंगोलिया, नेपाल, भुटान र साउदी अरब थिए ।

यो समूह खेल ६ अगस्टदेखि भुटानको राजधानी थिम्पुमा हुने तय छ । तर, अन्तिम समयमा मंगोलियाले नाम फिर्ता लिएको हो । योसँगै नेपाललाई छनोटमा केही सहज भएको छ । नेपालले बंगलादेशमा भएको साफ महिला यु-२० च्याम्पियनसिपमा भुटानलाई ६-१ र ८-० ले पराजित गरिसकेको छ । अर्कोतर्फ साउदी अरब भुटानभन्दा पनि कमजोर टोली मानिन्छ । हरेक समूहको शीर्ष स्थानमा रहने टोलीले सिधै थाइल्यान्डको टिकट पक्का गर्नेछन् ।

# श्रीलंकाली पुलिसलाई हराउँदै हेल्प नेपाल बन्यो तेस्रो




■ प्रभाव संवाददाता

**काठमाडौं–** श्रीलंकाली पुलिसलाई पराजित गर्दै हेल्प नेपालले काभा च्याम्पियन लिगमा तेस्रो स्थान हात पारेको छ । बुधबार तेस्रो स्थानका लागि भएको खेलमा हेल्प नेपालले ३-१ को सेटमा जित हात पारेको हो ।

मंगलबार भएको लिग चरणको अन्तिम खेलमा पनि हेल्प नेपालले श्रीलंकाली पुलिसलाई ३-० को सेटमा पराजित गरेको थियो । तर, कीर्गिस्तान बिश्केकसँग समान अंक (११) भए पनि सेटको (२ सेटले पछि पर्दा) आधारमा हेल्प नेपाल फाइनल पुग्न चुकेको थियो ।

बुधबार हेल्प नेपालले पहिलो सेट २५-२० ले जित्यो । अर्को सेट पनि २५-१५ ले सहजै आफ्नो बनायो । तर, तेस्रो सेट २०-२५ ले गुमाएपछि दबाबमा परेको थियो । यद्यपि, चौथो सेटमा पुनरागमन गर्दै हेल्प नेपाल २५-२१ ले विजयी भयो ।



पाकिस्तानको लाहोरमा भारी मनसुनी वर्षाका कारण बुधबार बाढी आएको सडकमा हिँड्दै महिलाहरू । *तस्बिरः एपी*

अमेरिकी राष्ट्रपति ट्रम्पको घोषणा

# जापानसँग १५ प्रतिशत भन्सार शुल्कसहित 'विशाल' व्यापारिक सम्झौता

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मंगलबार संयुक्त राज्य अमेरिका जापानसँग 'विशाल' व्यापार सम्झौतामा सहमत भएको र यसमा जापानको निर्यातमा १५ प्रतिशत भन्सार शुल्क लाग्ने बताएका छन् ।

ट्रम्पले आफ्नो विश्वव्यापी व्यापारिक आक्रमण सुरु गरेपछि दुवै मुलुक महिनौंदेखि वार्तामा बाँधिएका छन् । वार्तामा महत्त्वपूर्ण जापानी निर्यातका रूपमा रहेको स्टिल र अटोमोबाइलमा लक्षित भन्सार शुल्कहरू विशेष बाधाका रूपमा देखिएका छन् । यसअघि ट्रम्पले अमेरिकाको प्रमुख व्यापारिक साझेदार जापानलाई सम्झौता नभए अगस्ट १ देखि २५ प्रतिशत कर लगाउने धम्की दिएका थिए ।

'हामीले भर्खरै जापानसँग ठूलो सम्झौता सम्पन्न गर्‍यौं, सायद अहिलेसम्मको सबैभन्दा ठूलो सम्झौता,' ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा घोषणा गरे, 'सम्झौताअन्तर्गत जापानले मेरो निर्देशनमा संयुक्त राज्य अमेरिकामा पाँच खर्ब ५० अर्ब डलर लगानी गर्ने छ, जसले ९० प्रतिशत नाफा प्राप्त गर्ने छ ।'

उनले असामान्य लगानी योजनामा थप विवरणहरू प्रदान गरेनन् तर यो सम्झौताले लाखौं रोजगारी सिर्जना गर्ने दाबी गरे । जापानी प्रधानमन्त्री शिगेरु इशिबाले टिप्पणी गर्नुअघि सम्झौताको जाँच गर्न आवश्यक रहेको बताए । 'वार्ताको नतिजाका बारेमा के गर्ने भन्नेबारे हामीले वार्ता र सम्झौताको विवरणहरू सावधानीपूर्वक जाँच नगरेसम्म म यसमा छलफल गर्न सक्दिनँ,' इशिबाले वासिङ्टनमा ट्रम्पको घोषणापछि टोकियोमा पत्रकारहरूलाई भने ।



## चामल आयात

'जापान कार र ट्रक, चामल र केही अन्य कृषि उत्पादनहरू र अन्य चीजहरूसहित व्यापारका लागि आफ्नो देश खोल्न सहमत भएको छ,' ट्रम्पले भने । चामल आयात जापानमा संवेदनशील मुद्दा हो र इशिबाको सरकारले यस विषयमा कुनै पनि छुटलाई पहिले नै अस्वीकार गरेको थियो ।

सम्झौताको खबरपछि जापानको निक्केई सूचकांकमा एक प्रतिशतभन्दा बढी उछाल आएको छ भने जापानी अटो सेयर छ प्रतिशतले बढेको छ । इशिबाले सप्ताहन्तमा भएको चुनावको सामना गरेपछि यो सम्झौता आएको हो । चुनावमा इशिबाको गठबन्धनले माथिल्लो सदनमा बहुमत गुमाएको छ ।

ट्रम्प आफ्नो अगस्ट १ को भन्सार शुल्क समयसीमाअघि धेरै सम्झौता गर्ने वाचा गरेपछि व्यापार सम्झौताहरू समाप्त गर्न दबाबमा छन् । यसअघि मंगलबार उनले फिलिपिन्ससँग सम्झौता भएको घोषणा गरे । सम्झौताअनुसार फिलिपिन्सको अमेरिका निर्यातमा १९ प्रतिशत कर लाग्ने छ । ह्वाइट हाउसले इण्डोनेसियासँगको सम्झौताको विवरण पनि प्रस्तुत गरेको छ । उक्त सम्झौताअन्तर्गत इन्डोनेसियाले महत्त्वपूर्ण खनिज निर्यात प्रतिबन्धहरू कम गर्ने छ र १९ प्रतिशत भन्सार शुल्कको सामना पनि गर्ने छ ।

बेलायत र भियतनामसँग पनि यस्तै सम्झौताहरू भएका छन् । यद्यपि, अमेरिकाका शीर्ष तीन ठूला व्यापारिक साझेदारहरू चीन, क्यानाडा र मेक्सिकोसँग वार्ता जारी छ । बेइजिङसँग बढ्दो प्रतिकारात्मक संघर्षपछि दुई प्रमुख अर्थतन्त्रले भन्सार शुल्कहरूको अस्थायी कटौती गर्न सहमति जनाएका छन् । अर्को चरणको वार्ता अर्को हप्ता स्टकहोममा हुने अपेक्षा गरिएको छ ।

जनवरीमा ह्वाइट हाउस फर्केपछि ट्रम्पले स्टिल, एल्युमिनियम र अटोमा उच्चस्तरको साथसाथै सहयोगी र प्रतिस्पर्धीहरूमा समान रूपमा १० प्रतिशत कर लगाएका छन् । ट्रम्पको गैर-क्षेत्रीय भन्सार शुल्कहरूविरुद्ध कानुनी चुनौतीहरू जारी छन् । *रासस/एएफपी*

# दक्षिण कोरियामा पहिलो पाँच महिनामा जन्मदरमा कीर्तिमानी वृद्धि

**सियोल–** दक्षिण कोरियाले सन् २०२५ को पहिलो पाँच महिनामा जन्मदरमा कीर्तिमानी वृद्धि हासिल गरेको तथ्यांक निकायका अधिकारीले बुधबार बताएका छन् । यो देश विश्वको सबैभन्दा लामो जीवन प्रत्याशा र सबैभन्दा कम जन्मदर भएको मुलकमध्ये एक हो । यो संयोजनले बढ्दो जनसांख्यिकीय चुनौती प्रस्तुत गरेको छ ।

सियोलले महिलाहरूलाई बढीभन्दा बढी बच्चा जन्माउन प्रोत्साहित गर्न र जनसंख्या स्थिरता कायम गर्न अर्बौं डलर खर्च गरेको छ । 'जनवरीदेखि मे महिनासम्मको पाँच महिनाको अवधिमा दक्षिण कोरियामा जन्म भएका नवजात शिशुको संख्या एक लाख छ हजार ४८ रहेको छ । यो देशको अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.९ प्रतिशतले वृद्धि हो र सन् १९८१ मा तथ्यांक संकलन सुरु भएयताको सबैभन्दा उच्च वृद्धिदर हो,' कोरियाली तथ्यांक कार्यालयका अधिकारी काङ हचुन-योङले भने ।

दक्षिण कोरियाले एक दशकभन्दा बढी समयपछि पहिलोपटक शिशुको जन्मदर र संख्यामा वृद्धि भएको अनुभव गरेको हो । सन् २०२४ मा नवजात शिशुको संख्या अघिल्लो वर्षको तुलनामा आठ हजार ३०० अर्थात् ३.६ प्रतिशतले बढेर दुई लाख ३८ हजार ३०० पुगेको छ ।

विशेषगरी अप्रिलमा, एक वर्षको अवधिमा सबैभन्दा बढी शिशुले जन्म लिएका छन् । यो अघिल्लो वर्षको सोही महिनाको तुलनामा ८.७ प्रतिशतले वृद्धि हो । अप्रिलमा जन्म भएका कूल शिशुको जन्म संख्या २० हजार ७१७ रहेको थियो । पछिल्लो आँकडाले सन् २०२४ को सुरुदेखि नै तीव्र परिवर्तनलाई संकेत गरेको छ । सन् २०२४ को जनवरी-मे अवधिमा जन्म संख्या अघिल्लो वर्षको तुलनामा २.७ प्रतिशतले घटेको थियो ।



मे महिनामा प्रजनन दर वा एक महिलाले आफ्नो जीवनकालमा बच्चा जन्माउने औसत संख्या ०.७५ कायम भएको थियो ।

पाँच करोड १० लाख जनसंख्या कायम राख्न २१ लाख बालबालिकाको प्रजनन दर आवश्यक पर्छ । सियाटलस्थित 'युनिभर्सिटी अफ वासिङ्टनको इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एण्ड इभ्यालुएसन'का अनुसार हालको दरमा सन् २१०० सम्ममा जनसंख्या करिब आधा भएर दुई करोड ६८ लाख पुग्ने छ ।

## विवाह सहसम्बन्ध

काङले एएफपीसँग भने, '३० वर्षभन्दा कम उमेरका महिलाको संख्यामा भएको वृद्धिका कारण विवाहमा वृद्धि भएको हो । दक्षिण कोरियामा विवाह र बच्चा जन्माउने बिषयबीच बलियो सम्बन्ध छ र यो वर्षको पहिलो पाँच महिनामा बच्चा जन्म बढ्नुलाई पनि गत वर्ष भएको विवाह संख्यामा देखिएको वृद्धि जिम्मेवार देखिन्छ ।'

सन् २०२४ मा दक्षिण कोरियामा विवाहको संख्यामा १४.८ प्रतिशतले वृद्धि भएको थियो । गत वर्ष कूल दुई लाख २० हजारभन्दा बढी दम्पतीले विवाह गरेका थिए । बच्चा हुर्काउन सहयोग पुर्‍याउन बनाइएका थुप्रै सरकारी सुविधाहरूले कानुनी रूपमा विवाह नगरेका आमाबाबुलाई समेट्दैन ।

विश्लेषकहरूका अनुसार जन्मदरमा ह्रास आउनुमा बच्चा हुर्काउँदा लाग्ने खर्चको मूल्य बढी हुनु रहेको छ । यसले प्रतिस्पर्धात्मक गतिविधिलाई समाजमा सुरक्षित गर्न गाह्रो बनाउँदछ । 'कामकाजी आमाहरूका लागि घरको काम र बच्चाको हेरचाहको बोझ व्यवस्थापन गर्नु र आफ्नो करिअरलाई कायम राख्नु अर्को प्रमुख कारक हो,' उनीहरू भन्छन् ।

यो प्रवृत्तिलाई उल्टाउन दक्षिण कोरियाली सरकारले नगद अनुदान, अस्थायीरूपमा बच्चाहरूको रेखदेख (बेबी सिटिङ) सेवा र बाँझोपनको उपचारमा सहयोग प्रदान गर्छ । मोनाकोपछि विश्वकै दोस्रो सबैभन्दा धेरै बुढ्यौली जनसंख्या भएको छिमेकी मुलुक जापान पनि यही समस्यासँग जुधिरहेको छ र देशको अध्यागमनसम्बन्धी तुलनात्मक रूपमा कडा नियमका कारण यसले बढ्दो श्रम अभावको सामना गरिरहेको छ । *रासस/एएफपी*

# गाजामा 'ठूलो संख्यामा भोकमरी' को चेतावनी

**जेरुसेलम–** सम्भावित युद्धविराम र सहायता वार्ताका लागि अमेरिकी शीर्ष दूतको युरोप भ्रमणअघि गाजामा 'ठूलो संख्यामा भोकमरी' फैलिएको १०० भन्दा बढी सहायता संस्थाहरूले बुधबार चेतावनी दिएका छन् । इजरायलले प्यालेस्टिनी क्षेत्रको मानवीय अवस्थालाई लिएर बढ्दो अन्तर्राष्ट्रिय दबाबको सामना गरिरहेको छ । इजरायलमा हमासको आक्रमणबाट सुरु भएको लामो द्वन्द्वमा २० लाखभन्दा बढी मानिसहरूले खाद्यान्नलगायतका अत्यावश्यक वस्तुहरूको अभावको सामना गरिरहेका छन् ।

संयुक्त राष्ट्रसंघले मे महिनाको अन्त्यमा अमेरिका र इजरायल समर्थित गाजा ह्युमेनिटेरियन फाउण्डेसनले काम सुरु गरेदेखि खाद्यान्न सहायता खोज्ने एक हजारभन्दा बढी प्यालेस्टिनीहरूको इजरायली सेनाले हत्या गरेको छ । डक्टरस विदाउट बोर्डर्स (एमएसएफ) सेभ द चिल्ड्रेन र अक्सफाम लगायत १११ हस्ताक्षरकर्ताहरूले जारी गरेको सयुक्त विज्ञप्तिमा सहकर्मीहरू र सेवामा चुनौती खेपिरहेको जनाएका छन् ।

विज्ञप्तिमा तत्काल वार्ता युद्धविराम, सबै सीमा नाकाहरू खोल्न र राष्ट्रसंघको नेतृत्वको संयन्त्रमार्फत सहायताको स्वतन्त्र प्रवाहको लागि आह्वान गरेका छन् । संयुक्त राज्य अमेरिकाले आफ्ना दूत स्टिभ विटकोफ यस हप्ता गाजासम्बन्धमा वार्ताका लागि युरोप जाने र त्यसपछि मध्य पूर्वको भ्रमण गर्नसक्ने बताएको एक दिनपछि यस्तो चेतावनी आएको हो । विदेश विभागका प्रवक्ता टेमी ब्रुसले अर्को युद्धविरामका साथै सहायताको प्रवाहका लागि मानवीय कोरिडोरका साथ अगाडि आउने बलियो आशा लिएर आएको बताएका छन् ।

मे महिनाको अन्त्यमा इजरायलले दुई महिनाभन्दा बढीको नाकाबन्दी खोली सीमित सहायता प्रवाह गर्न थालेपछि पनि गाजावासीहरू अझै पनि चरम अभावको सामना गरिरहेका छन् । इजरायलले गाजामा मानवीय सहायताको अनुमति दिइरहेको बताएको छ भने हमासले बढ्दो मूल्यमा बेच्नका लागि खाद्यान्न चोरी गरेर वा सहायताको प्रतीक्षामा रहेकाहरूलाई गोली हानेर नागरिकको शोषण गरेको आरोप लगाएको छ । *रासस/एएफपी*

# राजीनामा दिने तयारीमा जापानी प्रधानमन्त्री

**टोकियो–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग व्यापारिक सम्झौता गरेपछि जापानका प्रधानमन्त्रीले चाँडै आफ्नो राजीनामाको घोषणा गर्ने बुधबार रिपोर्टहरूले जनाएका छन् । प्रधानमन्त्री शिगेरु इशिबाको पछिल्लो चुनावी पराजयले उनको गठबन्धनले संसद्का दुवै सदनमा बहुमत गुमाएको छ ।

रिपोर्टहरूका अनुसार प्रधानमन्त्री इशिबाले बुधबार अमेरिका-जापान व्यापारिक सम्झौताको घोषणापछि आफ्ना नजिकका व्यक्तिहरूलाई पद छाड्ने आफ्नो मनसाय व्यक्त गरेका छन् । आइतबारको माथिल्लो सदनको चुनाव इशिबाको केन्द्र-दक्षिणपन्थी लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) का लागि विनाशकारी थियो । एलडिपीले सन् १९५५ देखि लगभग लगातार शासन गर्दै आएको छ ।

मुद्रास्फीतिबाट रिसाएका मतदाताहरूले अन्य पार्टीहरू विशेषगरी 'जापानी फर्स्ट' सान्सितो पार्टीलाई समर्थन गरेका छन् । सान्सितोको 'विश्वव्यापीकरण विरोधी' अभियानले अन्यत्रका लोकप्रिय आन्दोलनहरूको एजेण्डालाई प्रतिध्वनि गर्दछ । इशिबाले अगस्टको अन्त्यसम्ममा शीर्ष पद खाली गर्ने योजना बनाएको मैनिची दैनिकले जनाएको छ । योमियुरी अखबारले उनले जुलाईमा आफ्नो राजीनामा घोषणा गर्ने तर कहिले पद छोड्ने भन्ने विवरण दिएको छैन ।



प्रधानमन्त्री इशिबाले बुधबार अमेरिका-जापान व्यापारिक सम्झौताको घोषणापछि आफ्ना नजिकका व्यक्तिहरूलाई पद छाड्ने आफ्नो मनसाय व्यक्त गरेका छन् । आइतबारको माथिल्लो सदनको चुनाव इशिबाको केन्द्र-दक्षिणपन्थी लिबरल डेमोक्रेटिक पार्टी (एलडिपी) का लागि विनाशकारी थियो । एलडिपीले सन् १९५५ देखि लगभग लगातार शासन गर्दै आएको छ ।

यी र अन्य रिपोर्टहरूले माथिल्लो सदनको चुनावको नतिजापछि एलडिपीभित्र ६८ वर्षीय वृद्ध इशिबालाई प्रस्थान गर्ने आह्वान अझ चर्को भएको बताएका छन् । तर उनले वासिङ्टनसँग व्यापार सम्झौता गरेपछि अगस्ट १ को समयसीमाभन्दा अघि २५ प्रतिशत करलाई घटाएर १५ प्रतिशतमा झारेको बताए ।

आइतबारको चुनावमा एलडिपी र यसको कनिष्ठ साझेदार कोमेइतो बहुमत कायम राख्न तीन सिटले पछि परे ।

पन्ध्र वर्षमा एलडिपीको सबैभन्दा खराब परिणाममा इशिबाको गठबन्धनलाई अधिक शक्तिशाली तल्लो सदनमा अल्पसंख्यक सरकारमा बाध्य पारिएको केही महिनापछि यो आएको हो । इशिबाले आफ्नो पाँचौं प्रयासमा सेप्टेम्बरमा पार्टी नेतृत्व जितेका थिए । साथै, उनी सन् २००० पछिका १०औं एलडिपी प्रधानमन्त्री बने । सन् २००० पछिका प्रधानमन्त्री बन्ने सबै पुरुष थिए ।

अक्टोबरमा भएको तल्लो सदनको चुनावपछि सत्तारूढ गठबन्धनलाई कानुन पारित गर्न विपक्षी दलहरूसँग मोलतोल गर्न बाध्य भएको छ । वर्षौंको स्थिर वा घट्दो मूल्यपछि विश्वको चौथो ठूलो अर्थतन्त्रका उपभोक्ताहरूलाई सन् २०२२ मा रुसले युक्रेनमा आक्रमण गरेपछि मुद्रास्फीतिले दबाएको छ ।

विशेषगरी चामलको मूल्य दोब्बर भएको छ भने एलडिपी कोष घोटालालाई लिएर पनि असन्तुष्टि छ । 'म साँच्चिकै आशा गर्छु कि जापानमा अवस्था राम्रो हुने छ, तर जनसंख्या घट्दै गइरहेको छ र मलाई लाग्छ जापानमा बस्न अझ कठिन र कठिन हुँदै जाने छ,' हिरोसिमाकी ८० वर्षीया नाओमी ओमुराले बुधबार टोकियोमा भनिन्, 'यो निराशाजनक छ कि जापानले संयुक्त राज्य अमेरिकाप्रति अझ कडा व्यवहार गर्न सक्दैन तर मलाई लाग्छ कि उनीहरूले कम भन्सार शुल्कमा सहमत हुनु राम्रो थियो ।'

टोकियो निवासी ८१ वर्षीय तेत्सुओ मोमियामाले इशिबा 'पहिले नै समाप्त भइसकेको' बताए । 'उहाँ जानका लागि यो राम्रो समय हो,' उनले भने । *रासस/एएफपी*


**साउदीमा रोजगार** कम्पनी : KHALIFA MOHAMMAD AL-BATEA COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/०५ | LT. No. 327444 | चलानी नं. ६०२४१३२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DRILLING WORKER | 6 | 0 | 1000 | ३६,६८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal, Tel : +977-1-4521448
E-mail : info@superbultimate.com, Webiste :www.superbultimate.com

**साउदीमा रोजगार** कम्पनी : BAASHAN READY MIX CONCRETE WORKS

पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०४/०७ | LT. No. 320350 | चलानी नं. ६०२३४५३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 6 | 0 | 1800 | ६६,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951
श्रम ईजाजत नं. ७९४/०६५/०६६

**युएइमा रोजगार** कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८२/०४/०७ | LT. No. 327368 | चलानी नं. ६०२४१४१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helper (Male) | 20 | 0 | 1200 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Joinery Carpenter | 45 | 0 | 1500 | ५६,२०५ | | | | | | | |
| 3 | Machine Operator / General Workers | 41 | 0 | 1500 | ५६,२०५ | | | | | | | |
| 4 | Moulder | 4 | 0 | 1500 | ५६,२०५ | | | | | | | |
| 5 | Painter | 20 | 0 | 1500 | ५६,२०५ | | | | | | | |
| 6 | Polishers | 5 | 0 | 1500 | ५६,२०५ | | | | | | | |
| 7 | Sander | 5 | 0 | 1500 | ५६,२०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ साउन १५ गते (31st July 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Haya Recruitment Pvt. Ltd.
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९७६०० | प्रति तोला – ० | प्रति तोला – २३२५ |

# ‘राष्ट्रिय गौरवका आयोजनामा पर्याप्त बजेट छैन’

■ प्रभाव संवाददाता

**काठमाडौं–** भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले राष्ट्रिय गौरवका आयोजनामा पर्याप्त बजेट अभावले अपेक्षित सफलता हासिल नभएको बताएका छन् ।

राष्ट्रियसभा अन्तर्गतको संसदीय समिति सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा मन्त्री दाहालले राष्ट्रिय गौरवका आयोजनालाई छुट्टै बजेट व्यवस्था गर्नुपर्ने राय व्यक्त गरे । उनले मन्त्रालयले आफनो कार्यक्षेत्र भन्दा बाहिरको टुक्रे काममा भन्दा राष्ट्रिय गौरवका आयोजना, उत्पादनमूलक, जटिल अनि ठूला प्रकृतिका काममा बजेट केन्द्रित गर्नुपर्ने धारणा राखे ।

‘१६ अर्बबाट खासै काम देखिँदैन । ठूलाठूला आयोजनको सट्टा साना योजनामा, सांसदहरू एवं विभिन्न नेतृत्वले सिफारिस गर्नुभएका ठाउँमा छुट्याउनुपर्ने भयो । त्यसले गर्दा राष्ट्रिय गौरवका आयोजनामा बजेट कम भएको हो’, उनले भने, ‘आगामी दिनमा हामी मिल्नुप-यो । अब आउने दिनमा राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय महत्वका आयोजनामा मात्र बजेट विनियोजन गरेर काम गर्छौं ।’

समस्या देखिएका आयोजनामा मन्त्रालयको ध्यानार्कषण हुनाका साथै समाधानको प्रयास भइरहेको जानकारी उनले दिए । ‘राष्ट्रिय गौरवका आयोजना अलपत्र परेका छैनन् । ठाउँठाउँमा काम ‘क्रोनिक’ भएर बसेका छन्, त्यस ठाउँका समस्याको पहिचान गरेका छौं । अब समस्या समाधान क्रमशः गर्दैछौं’, उनले भने । समितिलाई मन्त्रालय अन्तर्गतका आयोजनाबारे जानकारी दिने क्रममा मन्त्री दाहालले पूर्वपश्चिम विद्युतीय रेलमार्गमा देखिएका चुनौती समाधानका लागि अध्ययन भइरहेको बताए । वैकल्पिक उपायबारे मन्त्रालयले अध्ययन गर्ने उनको भनाइ छ ।

‘पूर्व-पश्चिम रेलमार्ग हाम्रो सपना हो । यो एसियासँगको ‘कनेक्टीभिटी’ पनि हो । रेलमार्ग सञ्चालन गर्नैपर्छ । तर निल्नु न ओक्लनुको अवस्थामा पुगेको छ’, उनले भने, ‘जग्गा प्राप्तिमा समस्याका कारण चार पाँच वर्ष भइसक्यो ‘होल्ड’ गरेर राखेको । न त हामीले मुआब्जा दिन सकेका छौं न केही गर्न ।’ मन्त्रालयका सचिव केशवकुमार शर्माले आयोजनामा पर्याप्त बजेट र तीनै तहका सरकारबीच अपनत्व ग्रहणको आवश्यकता औंल्याए । उनले यस्ता आयोजनामा सडकको अधिकारक्षेत्र ‘राइट वे’ अहिलेसम्म यकिन नभएकाले निर्माणमा स्थानीय तहको पटक-पटकको अवरोध चुनौतीको रूपमा रहेको बताए ।

बैठकमा मन्त्रालयअर्न्तगतका राष्ट्रिय गौरवको आयोजनाको कार्यान्वयन प्रगति, अवस्था, समस्या र समाधानका लागि भएका प्रयास र समितिसँगको अपेक्षाका विषयमा छलफल भएको थियो । मन्त्रालयअन्तर्गतका विभागका कर्मचारीले तीन तहका सरकारको स्पष्ट कार्यक्षेत्र तोक्नुपर्ने र निर्माणस्थलमा जग्गा प्राप्तिबारे सरल स्पष्ट नीति तय गर्नुपर्ने विचार व्यक्त गरे ।

मन्त्रालयका सचिव शर्माले प्रदेश राजमार्ग स्थानीय सडकहरूको जिम्मेवारी अहिलेसम्म यकिन नहुँदा राष्ट्रिय राजमार्ग बाहेकका साना आयोजना मन्त्रालयले कार्यान्वयन गर्दै आएको बताए । यसले गर्दा स्रोत व्यवस्थापन र कार्यान्वयनमा समेत जटिलतासँगै दोहोरोपना हुनसक्ने उनको भनाइ थियो ।

रेल विभागका महानिर्देशक रवीन्द्रलाल दासले ऐलानी जग्गा मुआब्जा तथा क्षतिपूर्ति र नदीजन्य निर्माण सामग्री अनुसारको आपूर्तिमा समस्याबारे चर्चा गरे । समितिका सदस्यहरू उदयबहादुर बोहरा, इन्दिरादेवी गौतम, किरणबाबु श्रेष्ठ, गोपीबहादुर सार्की अछामी, मनरूपा शर्मा, मोहम्मद खालिद र नारायणदत्त मिश्रलगायतले आयोजना समयमा सम्पन्न गर्न सरकारी निकायहरूबीच निरन्तर समन्वयका लागि ध्यानार्कषण गराए ।

# ‘आर्थिक कूटनीतिमा अवैतनिक वाणिज्यदूतको भूमिका महत्त्वपूर्ण’

■ प्रभाव संवाददाता



**काठमाडौं–** परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आर्थिक कुटनीति तथा जनस्तरमा सम्बन्ध विस्तारका लागि अवैतनिक वाणिज्यदूतहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताएकी छिन् ।

काठमाडौंमा बुधबार आयोजित अनररी कन्सुलर कोर नेपाल (एचसीसी-एन) को १८औं वार्षिक साधारणसभा तथा चार्टर डे समारोहमा बोल्दै मन्त्री राणाले नेपाल र अवैतनिक वाणिज्यदूतहरूले प्रतिनिधित्व गरेका राष्ट्रहरूबीचको सम्बन्धलाई थप मजबुत बनाउनु साथै सम्बन्धित राष्ट्रहरूसँग आर्थिक, शैक्षिक, सांस्कृतिक तथा जनस्तरको सम्बन्ध विस्तार गर्न अवैतनिक वाणिज्यदूतहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको बताइन् ।

मन्त्री डा राणाले भनिन्, ‘वर्तमान विश्वमा द्विपक्षीय सहयोग र साझेदारीलाई साझा समृद्धिका लागि अगाडि बढाउनुपर्ने आवश्यकता छ । व्यापार प्रवर्द्धन, वैदेशिक लगानी आर्कषण, बजारसम्मको पहुँचको सुनिश्चितता, अन्तर्राष्ट्रियस्तरमा नेपालको छवि प्रवर्द्धन तथा परस्पर लाभ र चासोका विषयहरूमा यहाँहरूको योगदान अनिवार्य र महत्वपूर्ण छ ।’

कार्यक्रममा बोल्दै एचसीसीएनका डीन चन्द्रप्रसाद ढकालले अवैतनिक वाणिज्यदूतहरू केवल औपचारिक प्रतिनिधि नभई नेपालको आर्थिक कूटनीतिका सक्रिय साझेदार भएको बताए । उनले भने, ‘हामी सेरेमोनिएलबाट माथि उठेर सक्षम, सक्रिय र समर्पित ढंगले नेपालको कूटनीति र विकासमा योगदान दिइरहेका छौं ।’

ढकालले वर्तमान विश्व पारस्परिक रूपमा जोडिएको परिस्थितिमा आर्थिक कूटनीतिको महत्व झन तीव्र गतिमा बढिरहेको उल्लेख गर्दै भने, ‘आजको विश्वव्यापी युगमा आर्थिक कूटनीति विकल्प होइन, आवश्यकता हो ।’

आइएमई ग्रुपका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष समेत रहेका ढकालले राष्ट्रिय हितका पक्षमा एचसीसीएनको प्रतिबद्धता दोहोऱ्याउँदै नेपाल अल्प विकसित राष्ट्र (एलडीसी) को श्रेणीबाट स्तरोन्नति हुने तयारीमा रहेकाले अवैतनिक वाणिज्यदूतहरूले आर्थिक रूपान्तरणमा स्वयम्सेवकको रूपमा काम गर्न सक्ने बताए । ढकालले एचसीसीएन राष्ट्रिय प्राथमिकताप्रति समर्पित रहेको बताउँदै परराष्ट्र मन्त्रालयसँगको सहकार्यमा महासंघ र एचसीसीएनले पहिलोपटक नेपालमा आर्थिक सम्मेलन आयोजना गर्नको लागि तयारी गरिरहेको जानकारी बताए ।

हालै काठमाडौंको चन्द्रगिरिमा परराष्ट्र मन्त्रालयसँग संयुक्त रूपमा आयोजित कार्यशालाको स्मरण गर्दै उनले त्यस अवसरमा अवैतनिक वाणिज्यदूतहरूले वैदेशिक लगानी, नवप्रवर्तन, व्यापार, पर्यटन र गैरआवासीय नेपालीहरूसँगको सहकार्यमा योगदान पुऱ्याउन सक्ने बताए ।

उक्त अवसरमा संयुक्त राष्ट्र संघका पूर्व उप महासचिव ज्ञानचन्द्र आचार्यले आफ्नो विशेष मन्तव्यमा कूटनीति र अर्न्तराष्टिय समुदायमाझ नेपालको युनिक उपस्थिति र बदलिँदो विकासलाई समन्वय गरेर अघि बढ्न अवैतनिक वाणिज्यदूतहरूको भूमिका प्रष्ट पारेका थिए । कार्यक्रममा ढकालले एचसीसीएनको डीन पद नेपालका लागि बुल्गेरियाका अवैतनिक वाणिज्यदूत भोलाविक्रम थापालाई हस्तान्तरण गरेका थिए । समारोहमा उच्च सरकारी अधिकारी, कूटनीतिज्ञ, अवैतनिक वाणिज्यदूतलगायतको उपस्थिति रहेको थियो ।

## कर्पोरेट

### विद्यार्थीलाई एनसेलको सधैं अन रिन्युअलन अफर




**काठमाडौं (प्रस)–** एनसेलले विद्यार्थीहरूका लागि विशेष रूपमा डिजाइन गरिएको ‘सधैं अन रिन्युअल’ प्लानहरू संचालनमा ल्याएको छ । २०८१ को माध्यमिक शिक्षा परीक्षा (एसइई) दिएका लगायत सबै विद्यार्थीहरूलाई लक्षित यो स्टार्टर प्लान अफरले सुलभ दरमा मनोरञ्जनका साथै दूरसञ्चार सेवामा पहुँच सुनिश्चित गर्दछ ।

कर सहित रु. ३९९ र सो भन्दा माथिका मासिक शुल्कमा उपलब्ध हुने यी प्लानहरूमा अनलिमिटेड फेसबुक, अनलिमिटेड टिकटक, अनलिमिटेड युट्युब, लाइन्सगेट प्लेमा निःशुल्क प्रिमियम सामग्रीको पहुँच, अनलिमिटेड नाइट डेटा र प्याकमा समावेश अन्य सेवाहरू पाइन्छ ।

उदाहरणका लागि रु ३९९ को सधैं अन रिन्युअल प्लानमा विद्यार्थीहरूले ३० दिनको लागि ३९९ मिनेट अल नेपाल कल टक टाइम, ८ जीबी डेटा र ३९ वटा अल नेपाल एसएमएस बन्डल भएको सेवाहरू पाउँछन् । त्यसैगरी यदि विद्यार्थीहरूले रु ५९९ को सधैं अन रिन्युअल लिएमा उनीहरूले ५९९ मिनेट अल नेपाल टक टाइम, २० जीबी डेटा र ५९ वटा अल नेपाल एसएमएस सेवाहरू पाउँछन् ।

यो योजना अन्तर्गतको सिम वा ई-सिम लिन विद्यार्थीहरूले आफ्नो पासपोर्ट साइजको फोटो, विद्यार्थी परिचयपत्र र आफ्नो वा आमाबुवाको नागरिकताको प्रतिलिपिसहित नजिकको कुनै पनि एनसेल सेन्टर वा आधिकारिक बिक्रेताकोमा जान सक्छन् ।

### इनड्राइभद्वारा बाढीपहिरो पीडितलाई घर हस्तान्तरण

**काठमाडौं (प्रस)–** विश्वव्यापी मोबिलिटी एण्ड अर्बान सर्भिस प्लेटफर्म, इनड्राइभले बाढी र पहिरोबाट विस्थापित परिवारहरूका लागि तयार पारिएका दिगो प्रकृतिका नयाँ घरहरूको साँचो आधिकारिक रूपमा हस्तान्तरण गरेको छ । यस पहलअन्तर्गत इनड्राइभले राष्ट्रिय विपद् व्यवस्थापन केन्द्रसँगको सहकार्यमा निर्माण गरिएका पाँचवटा घरको साँचो सम्बन्धित परिवारहरूलाई औपचारिक रूपमा हस्तान्तरण गऱ्यो । साथै, यस अभियानमा, प्रभावित भएका घरपरिवारहरूलाई अत्यावश्यक सामग्रीहरूको वितरण पनि गरिएको छ ।

नवनिर्मित घरहरू बाढी र पहिरो पीडितहरूको विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्न स्थानीय समुदायसँगको परामर्शमा तयार गरिएको हो । बाँस र माटो प्रयोग गरेर निर्माण गरिएका घरहरूले दिगोपन र सांस्कृतिक प्रासंगिकता दुवैप्रति प्रतिबद्धता दर्शाउँछ, जसले परिवारहरूलाई स्थानीय परिस्थितिहरूको सामना गर्न डिजाइन गरिएको टिकाउ, र वातावरणीयरूपमा उपयुक्त संरचनाहरू प्रदान गर्दछ ।




इनड्राइभका एपीएसी कम्युनिकेसन लिड पवित नन्दा आनन्दले भनिन्, ‘इनड्राइभमा हाम्रो मिसन केवल राइड सर्भिसमा मात्र सीमित छैन, यो दीर्घकालीन, सार्थक, अर्थपूर्ण र दिगो परिवर्तन सिर्जना गर्ने यात्रासँग सम्बन्धित छ । यो सहकार्यमार्फत हामी केवल बसोबासको व्यवस्था मात्र गरिरहेका छैनौं, बाढी र पहिरोबाट सबैथोक गुमाएका परिवार हरूमा स्थिरता, सम्मान र आशाको पुनःस्थापना गरिरहेका छौं । हामी उनीहरूलाई आफ्नो भविष्य पुनर्निर्माण गर्ने यात्रामा स्वतन्त्र निर्णय लिने अधिकार र नयाँ आत्मविश्वासका साथ सँगै उभिन पाउँदा गर्व गर्छौं । इनड्राइभले सदैव समुदाय(केन्द्रित दृष्टिकोणलाई प्राथमिकता दिँदै आएको छ । इनड्राइभ यस्तै साझेदारीहरू मार्फत समावेशी, सुरक्षित र सशक्त समुदाय निर्माण गर्न कटिबद्ध रहेको छ ।’

### सिद्धार्थ बैंक र जावेद हबीब हेयर एण्ड ब्युटी सैलूनबीच सम्झौता

SiddharthaBank

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक र जावेद हबीब हेयर एण्ड ब्युटी सैलून बिच बैंकका ग्राहक महानुभावहरूलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

सम्झौता अनुसार, ठमेल, छायाँ सेन्टर, काठमाडौंस्थित जावेद हबीब हेयर एण्ड ब्युटी सैलूनमा ग्राहकहरूले सम्पूर्ण सेवाहरूमा डेबिट कार्ड प्रयोग गरेमा १५ प्रतिशत छुट र क्रेडिट कार्ड प्रयोग गरेमा २५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् । यस सम्झौताले ग्राहकहरूलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा सञ्चालनमा रहने ग्राहक सेवा केन्द्र, ‘सिद्धार्थ केयर’ मा निम्न माध्यमहरू मार्फत सम्पर्क गर्न सक्नेछन् ।

**डेंगीबाट बचौं र बचाऔं ।**

**लक्षणः**

- उच्च ज्वरो आउनु,
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्याधिक टाउको दुख्नु,
- शरीरमा राता बिबिराहरु आउनु,
- वाकवाकी लाग्नु वा बान्ता हुनु ।

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैलेः**

- लामखुट्टेटबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं,
- सुत्ने बेलामा झुल लगाएर सुतौं,
- एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।

**‘डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो’**

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ